विद्युत सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय

सिंहदरबार,काठमाडौं ।

विषय-सूची **पेज नं**

१	विधेयकको उद्देश्य र कारण	१
२	आर्थिक टिप्पणी	३
३	प्रत्यायोजित व्यवस्थापन	५
४	व्याख्यात्मक टिप्पणी	१८
५	विद्युत विधेयक, २०७७	३५

उद्देश्य र कारण

आर्थिक विकास र समृद्धिलाई दिशा निर्देश गर्ने एक प्रमुख साधनको रुपमा कानुनलाई लिइएको छ । कानुन र विकास (ल एण्ड डेभलपमेन्ट) एक अर्काको परिपूरकको रुपमा रहेको र राष्ट्रको सर्वाङ्गीण विकास र समृद्धिको लागि नियमित, भरपर्दो र सुरक्षित विद्युत आपूर्तिको लागि वृहत विकासको अवधारणा (कम्प्रिहेन्सिभ डेभलपमेन्ट मोडल)[1] अनुसार विद्युत क्षेत्र एवं विद्युत सम्बन्धी कानुनको सुधार र परिमार्जन गर्ने विषय नेपाल सरकारको उच्च प्राथमिकतामा रहदै आएको छ ।

विद्युत क्षेत्रको विकासमा विद्युत ऐन, २०४९ उल्लेखनीय कानूनको रुपमा रहेको छ । यो ऐनको कार्यान्वयन पश्चात् विद्युतको उत्पादन, प्रसारण तथा वितरण गर्ने कार्य एवं प्रक्रियालाई सुदृढ र आधुनिकीकरण गर्ने सुधारका कार्यक्रमहरु कार्यान्वयन भईरहेका छन् । उक्त ऐनले स्वदेशी तथा विदेशी लगानीकर्ताहरुले एकल वा संयुक्त रुपमा लगानी गर्न सक्ने खुला र उदार व्यवस्था गरेको छ।

विद्युत क्षेत्रको विकासमा सार्वजनिक निजी लगानी मार्फत प्राप्त सकारात्मक नतिजाबाट प्रेरणा लिंदै यस क्षेत्रमा देखिएका समस्या, चुनौति र अवसरलाई सही तरिकाले सम्बोधन गर्न, आयोजना विकास र लगानी सम्बन्धी नवीन अवधारणा लागू गर्न तथा नेपालको संविधान अनुरुप विद्युत सम्बन्धी प्रचलित कानुनलाई समयानुकूल परिमार्जन र संशोधन गर्न आवश्यक भएकोले संघीय संसद समक्ष यो विधेयक पेश गरेको छु ।

१. विद्युत विधेयक, २०७७ का उद्देश्यहरु :

(क) नेपालको संविधानको धारा ५१ को खण्ड (च) मा उल्लिखित विकास सम्बन्धी नीति र खण्ड (छ) मा उल्लिखित प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीतिको कार्यान्वयनको लागि कानुनी तथा संस्थागत व्यवस्था गर्न,

(ख) संघीय इकाइहरु बीच विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार, दायित्व तथा जिम्मेवारी बाँडफाँट गर्ने कानुनी व्यवस्था गर्न,

(ग) स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत आपूर्तिको व्यवस्था मिलाउदै सबै नेपाली समक्ष विद्युतको पहुँच पुऱ्याउने लक्ष्य पूरा गर्न,

---

[1] "comprehensive development framework" (CDF) explored and advocated by American President James D. Wolfensohn. The market, the legislature, the judiciary, the media, political parties, business enterprises, non-governmental organizations, and other economic, political, and social institutions all play specific, and interlinked, roles in the overall development experience of a country. This broad and inclusive perspective is extremely important to bear in mind, so that we do not end up seeing development in an artificially narrow way, focusing on one part of the interlinked structure, and ignoring others, see What the Role of Legal and Judicial Reform in the Development Process ? p 46 by Amartya Sen; Legal and Judicial Reform Unit, Legal Department, World Bank, Initiatives in Legal and Judicial Reform (Washington, DC: World Bank, 2005), volume 2.

(घ) प्रतिस्पर्धाको आधारमा विद्युत उत्पादन आयोजनाको विकास र सञ्चालन गर्ने कानुनी व्यवस्था र संरचना तयार गर्न,

(ङ) विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवाको लागि अनुमतिपत्र सम्बन्धी व्यवस्थामा सुधार र परिमार्जन गर्न,

(च) आन्तरिक तथा अन्तर्देशीय विद्युत व्यापारको लागि आवश्यक कानुनी व्यवस्था गर्न,

(छ) राष्ट्रिय प्रसारण ग्रिड तथा वितरण प्रणालीमा खुला पहुँचको अवधारणा लागू गर्दै विद्युत व्यापारलाई प्रवर्द्धन गर्न ।

२. **विद्युत विधेयक, २०७७ ल्याउनु पर्ने कारणहरु** :

विद्युतको क्षेत्रमा रहेका देहायका समस्याहरुलाई सम्वोधन गर्न परिमार्जित र संशोधित व्यवस्था सहितको विद्युत विधेयक आवश्यक भएको छः

(क) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा संघीय इकइहरु बीच अधिकार र जिम्मेवारीको बाँडफाँट तथा आपसी समन्वय गर्ने संघीय कानूनको आवश्यकता पूरा गर्न,

(ख) बिना प्रतिस्पर्धा अनुमतिपत्र दिईने व्यवस्थाबाट सिर्जित देहायका समस्याहरुको सम्बोधन गर्न :

(अ) विस्तृत र पर्याप्त अध्ययन बिना नै आयोजनाको क्षमता निर्धारण गरी अनुमतिपत्र प्रदान गरिने र सो बमोजिम आयोजनाको निर्माण गरिँदा जलस्रोतको अधिकतम उपयोग हुन नसकेको र प्रवर्द्धक तथा लगानीकर्ताको लगानी जोखिममा पर्न गएको,

(इ) पर्याप्त आर्थिक तथा प्राविधिक क्षमता नभएका संस्थाहरुले पनि अनुमतिपत्र लिई आयोजना ओगट्ने प्रवृतिको कारण समयमा वित्तीय बन्दोबस्त मिलाउन समस्या परेको र आयोजना निर्माण र सञ्चालन गर्ने अवसरबाट सक्षम प्रवर्द्धक वञ्चित रहनु परेको,

(ई) विद्युतको माग र बजारको उपलव्धताको आधारमा आयोजनाहरुको पहिचान र छनौट हुन नसकेको ।

(ग) एउटै निकायले विद्युत उत्पादन, प्रसारण र वितरणको कार्य गर्न पाउने व्यवस्थाको कारण प्रवर्द्धकहरु बीच स्वच्छ प्रतिस्पर्धा हुन नसकेको अवस्थालाई सम्बोधन गर्न,

(घ) विद्युत व्यापारको नियमन र व्यवस्थापनको लागि आवश्यक कानुनी व्यवस्थाको अभाव पूर्ति गर्न ।

(वर्षमान पुन)
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

आर्थिक टिप्पणी

विद्युत ऐन, २०४९ को कार्यान्वयनको क्रममा उत्पन्न भएका समस्या, चुनौती र अवसरलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नवीन अवधारणलाई समेत समावेश गरी विद्युत विधेयक,२०७७ तयार गरी संघीय संसद समक्ष पेश गरेको छु।

विधेयकमा भएको व्यवस्थाको आधारमा मौजुदा संस्था वा निकायहरुको कार्य प्रकृति र कार्य विशिष्टीकरणको आधारमा कार्यक्षेत्र विस्तार र संगठन संरचना परिवर्तन वा पुनर्संरचना गरिने हुँदा सो सन्दर्भलाई समेत विवेचना गरी देहाय बमोजिमको आर्थिक टिप्पणी पेश गरेको छु :

(क) ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरणको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व हुने गरी विधेयकमा व्यवस्था गरिएको छ । विद्युतको पहुँच सबै जनता समक्ष पुऱ्याउन ग्रामीण विद्युतीकरणलाई तीनै तहका सरकार मार्फत प्रभावकारी रुपले अगाडि बढाउने सोच विधेयकमा रहेको छ । ग्रामीण विद्युतीकरणको लागि हाल नेपाल सरकारले मात्र बजेटको व्यवस्था गर्दै आएकोमा आगामी दिनमा संघीय सरकारको अतिरिक्त प्रदेश सरकार र स्थानीय तहले समेत बजेट विनियोजन गर्नुपर्ने व्यवस्था रहेकोले केही मात्रामा भएपनि संघीय सरकार माथिको आर्थिक दायित्व कम गर्न सहयोग पुग्नेछ,

(ख) विद्युत आयोजनाको सर्वेक्षण तथा अध्ययनको जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा रहनेछ । हाल पनि यस्ता कार्यहरु नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट सम्पादन हुँदै आएकोले नेपाल सरकारलाई अतिरिक्त आर्थिक दायित्व सिर्जना हुनेछैन,

(ग) विद्युत क्षेत्रको अध्ययन अनुसन्धानको जिम्मेवारी जल तथा ऊर्जा आयोगको हुने व्यवस्था गरिएकोले वार्षिक बजेटमा गरिने सामान्य बढोत्तरीबाट नै अध्ययन अनुसन्धानको खर्च व्यवस्थापन गर्न सकिनेछ,

(घ) विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापारको लागि एउटै संस्थालाई अनुमतिपत्र नदिईने हुँदा कार्य प्रकृतिको आधारमा संस्थाको स्वरुपमा परिवर्तन र पुनः संरचना गरिनेछ । मौजुदा संस्थाहरुको स्वरुपमा परिवर्तन र पुनः संरचना गर्दा सम्पति र दायित्वको मूल्याङ्कन गरी व्यवस्थापन गरिने हुँदा अतिरिक्त आर्थिक दायित्व पर्ने छैन । साथै यस्ता निकायहरु स्वशासित सङ्गठित संस्थाको रुपमा पुनर्गठन गरी व्यावसायिक सिद्धान्तको आधारमा सञ्चालित हुने भएकोले संस्थाको आफ्नै आम्दानीबाट प्रशासनिक र सञ्चालन खर्चको व्यवस्थापन गरिने हुँदा नेपाल सरकार माथि आर्थिक दायित्व सिर्जना हुने छैन,

(ङ) विधेयकको दफा ४२ मा रहेको निर्देशक समितिमा बहालवाला पदाधिकारीहरु नै पदेन हैसियतमा रहने व्यवस्था प्रस्ताव गरिएकोले तिनीहरुको लागि थप पारिश्रमिक दिनुपर्ने छैन। समितिको प्रशासनिक खर्च मन्त्रालयको सालबसाली बजेटबाट नै व्यवस्थापन हुनेछ,

(च) विद्युत आयोजनाबाट प्राप्त हुने लाभ, सोको लागत र त्यसमा अन्तर्निहित जोखिमको विश्लेषण गरी प्रतिस्पर्धाको आधारमा विद्युत आयोजनाको विकास तथा सञ्चालन गरिने हुँदा विधेयकमा रहेका व्यवस्थाको कारण आयोजनाको लागतमा कुनै प्रभाव पर्ने छैन। अपितु प्रतिस्पर्धाको आधारमा विद्युत आयोजनाको विकास गरिने हुँदा लागत घटाउन सहयोग पुग्नेछ,

(छ) अतः माथि विश्लेषण गरिए अनुसार वार्षिक बजेटमा नियमित र स्वभाविक रुपमा हुने बढोत्तरी बाहेक नेपाल सरकारलाई अतिरिक्त आर्थिक दायित्व पर्ने छैन ।

(वर्षमान पुन)
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

१. पृष्ठभूमि :

नेपालको संविधान बमोजिम संघीय ऐन निर्माण गर्ने अधिकार संघीय संसदमा रहेको र ऐन अन्तर्गतका नियम, निर्देशिका, कार्यविधि निर्माण गर्ने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद् वा सम्बद्ध निकायलाई प्रत्यायोजन गर्ने अभ्यास र प्रचलन रहेको छ ।

यसै सन्दर्भमा प्रस्तुत विधेयकको दफा ६३ बमोजिम आवश्यक नियमहरु बनाउने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद् र दफा ६४ बमोजिम निर्देशिका तथा मापदण्ड बनाउने अधिकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ ।

२. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणीको आवश्यकता र प्रयोजन :

विधेयकको विभिन्न दफा तथा उपदफामा उल्लिखित व्यवस्थाहरुको कार्यान्वयनको लागि नियम र निर्देशिका जस्ता प्रत्यायोजित विधायन निर्माण गर्न आवश्यक हुन्छ। प्रत्यायोजित विधायनको सीमा, दायरा र समेटिने विषयहरुको सम्वन्धमा अधिकार प्रत्यायोजन गर्ने निकाय -संघीय संसदलाई अग्रिम रुपमा सुचित र अवगत गराउनु नेपाल सरकारको कर्तव्य भएकोले देहायको प्रयोजनको लागि यो प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी तयार गरिएको छ :

(क) प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कानून बनाउँदा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७६, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ ले निर्धारण गरेका सीमा र दायराभित्र रही नियमहरु बनाईने सुनिश्चित गर्न,

(ख) प्रत्यायोजित व्यवस्थापन सम्बन्धी सर्वमान्य सिद्धान्त तथा मान्यताहरुलाई अनुसरण र अवलम्बन गरिने सुनिश्चित गर्न,

(ग) प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमाको विषयमा संघीय संसदलाई अवगत गराउन,

(घ) प्रत्यायोजित व्यवस्थापनको प्रभाव (प्राप्त हुने उपलब्धि) का सम्बन्धमा संघीय संसदलाई अग्रिम सूचित गर्न,

(च) ऐन कार्यान्वयनको लागि आवश्यक प्रक्रिया, कार्यविधि र प्राविधिक विषयहरु समय समयमा संशोधन र परिमार्जन गर्नुपर्ने भएकोले त्यस्ता विषयहरु प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बन्ने नियम, निर्देशिका तथा मापदण्डमा समावेश गरिने सम्बन्धमा संघीय संसदलाई सूचित गर्न ।

३. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी :

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९७ मा भएका व्यवस्थाहरुलाई मार्गदर्शकको रुपमा लिई प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था,

त्यसको प्रकृति र सीमा तथा त्यसबाट पर्नसक्ने प्रभाव (उपलब्धि) सम्बन्धी टिप्पणी तलको तालिकामा प्रस्तुत गरिएको छ :

क्र.स.	विधेयकको दफा/उपदफा	प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था	प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्नसक्ने प्रभाव (उपलब्धि)
१	दफा ५ को उपदफा (५)	ग्रामीण विद्युतीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	ग्रामीण विद्युतीकरणको लागि प्राविधिक सहयोग उपलब्ध गराउने प्रक्रिया, क्षेत्र र सहयोग पहिचान र प्रक्रिया नियममा समावेश गरिनेछ।	• क्षेत्र पहिचान र प्राविधिक सहयोग उपलब्ध गराउने आधार तयार हुनेछ। • संघीय इकइहरु बीचको समन्वय प्रभावकारी हुनेछ।
२	दफा ७ को उपदफा (१) को खण्ड (ङ)	तोकिए बमोजिमका अन्य विषय।	आयोजनाको प्रकार र क्षमतालाई ध्यानमा राखी प्रतिस्पर्धाका आधार, प्रस्तावकको पूँजी, आर्थिक हैसियत, प्राविधिक तथा व्यावसायिक क्षमता, अनुभव, योग्यता, बैङ्क ग्यारेण्टी जस्ता विषयहरु तय गरी नियममा उल्लेख गरिनेछ।	• प्रतिस्पर्धाका आधार स्पष्ट र पारदर्शि हुने हुँदा प्रस्ताव मूल्याङ्कन र छनौट सहज हुनेछ। • आर्थिक र प्राविधिक हैसियत,व्यावसायिक क्षमता, अनुभव योग्यता निर्धारण हुनेछन् । • सक्षम संस्थाहरु मात्र प्रतिस्पर्धामा सहभागी हुने आधार तयार हुनेछ।
३	दफा ७ को उपदफा (३)	यस दफा बमोजिम प्रस्ताव आह्वान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	प्रस्ताव आह्वानको सूचना, प्रस्ताव पेश गर्ने अवधि र तरिका, संलग्न गर्नुपर्ने कागजात, विवरण र प्रस्ताव मान्य हुने, नहुने अवस्था जस्ता विषयहरु नियममा समावेश गरिनेछ ।	• प्रस्ताव आह्वानको सूचना र प्रस्ताव पेश गर्ने तरिका, समयावधि, बैङ्क ग्यारेण्टी जस्ता विषयहरु तोकिने छन्। • प्रस्ताव पेश गर्ने तथा

				मूल्याङ्कन गर्ने प्रक्रिया स्पष्ट, सहज र प्रभावकारी हुनेछ।
४	दफा ८ को उपदफा (३)	यस दफा बमोजिम प्रस्ताव छनौट तथा सम्झौता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	प्रस्ताव मूल्याङ्कनका आधार, तरिका, समयावधि, आयोजना सम्झौताको ढाँचा तथा त्यसमा रहने विषयबस्तु तय गरी नियममा समाविष्ट गरिनेछ ।	• प्रस्ताव मूल्याङ्कनका आधार,तरिका र समयावधि तोकिनेछ। • मूल्याङ्कन प्रक्रिया पारदर्शी र वस्तुनिष्ठ हुनेछ। • सम्झौताको ढाँचा, आवश्यक शर्त तथा प्रक्रियाहरु निर्धारण हुनेछन् ।
५	दफा ९ को उपदफा (३)	उपदफा (२) बमोजिम निवेदन गर्न आवश्यक पर्ने पूँजी, प्राविधिक तथा व्यावसायिक क्षमता, अनुभव, निवेदनको ढाँचा, अनुमतिपत्र दस्तुर, आवश्यक कागजात, विवरण तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ	अनुमतिपत्र प्राप्त गर्न चाहनेको आर्थिक, प्राविधिक, व्यावसायिक क्षमता, अनुभव र निवेदनको ढाँचा सोसाथ संलग्न गर्नुपर्ने कागजात, विवरण, प्राविधिक प्रतिवेदन र दस्तुर सम्बन्धी विषयलाई नियममा स्पष्ट गरिनेछ।	• अनुमतिपत्र प्राप्त गर्न चाहनेको आर्थिक, प्राविधिक,व्यावसायिक क्षमता, अनुभव सम्बन्धी विषय तोकिनेछ । • प्रस्ताव पेश गर्ने र मूल्याङ्कन गर्ने प्रक्रिया सरल र प्रभावकारी हुनेछ। • निवेदनको ढाँचा सोसाथ संलग्न गर्नुपर्ने दस्तुर, कागजात तथा विवरणको सूची तयार हुनेछ ।
६	दफा १० को उपदफा (४)	यस दफा बमोजिम अनुमतिपत्र प्रदान गर्ने अवधि, सोको ढाँचा तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।	अनुमतिपत्र प्रदान गर्ने अवधि, सोको ढाँचा, कागजात पेश गर्ने अवधि, कार्यविधि र प्रक्रियसँग सम्बन्धित विषयलाई	• अनुमतिपत्र प्रदान गर्ने अवधि/समयसीमा र अनुमतिपत्रको ढाँचा

			नियममा राखिनेछ ।	तोकिनेछ । • अनुमतिपत्र प्रदान गर्ने कार्यविधि तथा कागजात पेश गर्ने अवधि तोकिनेछ ।
७	दफा १२ को उपदफा (१)	बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको बाँध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन गर्न अलगअलग संस्थालाई तोकिए बमोजिम अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।	आयोजना विकास तथा सञ्चालनको विधि, बाँध र विद्युत गृह सञ्चालक बीचको सम्बन्ध र कार्य संयोजन, तथा यस सम्बन्धी अनुमतिपत्रको ढाँचा लगायताका विषय नियममा समावेश गरिनेछ ।	• आयोजना विकास तथा सञ्चालनको विधि र कार्य संयोजनको तरिका निर्धारण हुनेछ। • अनुमतिपत्रको ढाँचा र प्रक्रिया निर्धारण हुनेछ।
८	दफा १२ को उपदफा (४)	कुनै नदी बेसिनको माथिल्लो भागमा जलाशययुक्त आयोजनाको निर्माणको कारणले तल्लो भागमा अवस्थित जलविद्युत आयोजनाको लागि थप पानी उपलब्धताको आधारमा सिर्जना हुने अतिरिक्त लाभ नेपाल सरकार र अनुमतिपत्र प्राप्त संस्था बीच तोकिए बमोजिम बाँडफाँट गर्नु पर्नेछ।	तल्लो भागमा अवस्थित आयोजनाको लागि थप पानी उपलव्ध भएको कारण सिर्जना हुने लाभ बाँडफाँटको आधार, मोडालिटी, तथा आर्थिक र प्राविधिक पक्षसँग सम्बन्धित विषयलाई नियममा राखिनेछ।	• लाभ बाँडफाँटको प्रक्रिया, आधार र मोडालिटी तयार हुनेछ। • लाभको हिसाब गर्ने आर्थिक र प्राविधिक पक्षहरु निर्धारण भई लाभको गणना सहज हुनेछ ।
९	दफा १३ को उपदफा (३)	यो ऐन प्रारम्भ हुनु अघि कुनै एउटै संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरण समेतको कार्य गरिरहेको भए तोकिएको अवधिभित्र त्यस्तो संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि अलग अलग संस्था गठन गर्नु पर्नेछ ।	सम्पति तथा दायित्वको मूल्याङ्कन र अलगअलग संस्था स्थापना गर्न आवश्यक पर्ने उचित र पर्याप्त अवधि नियममा राखिने छ ।	• कार्य प्रकृतिको आधारमा अलगअलग संस्था स्थापना हुनेछन्। • संस्थाको व्यावसायिक दक्षता र प्रभावकारितामा वृद्धि हुनेछ । • स्वच्छ प्रतिस्पर्धा अभिवृद्धि हुनेछ।

१०	दफा १४ को उपदफा (२)	उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको काबु बाहिरको परिस्थिति सिर्जना भई विद्युत आयोजनाको विकास तथा सञ्चालनमा बाधा अवरोध उत्पन्न भएमा वा बहुउद्देश्यीय वा जलाशययुक्त संरचनाको निर्माण गरी विद्युत उत्पादन गरिने भएमा विकास तथा सञ्चालनको अवधि तथा लाभ लागतलाई समेत बिचार गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सकिनेछ।	अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनका आधारमा काबु बाहिरको अवस्था (फोर्स मेजर) र परिस्थितिलाई स्पष्ट रुपमा नियममा परिभाषित गरिनेछ ।	• काबु बाहिरको अवस्था (फोर्स मेजर) परिस्थितिको परिभाषा र विषयहरु निर्धारण हुनेछन् । • अनुमतिपत्रको अवधि थप गर्ने आधार तयार हुनेछ।
११	दफा १५ को उपदफा (३)	अनुमतिपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	अनुमतिपत्र नवीकरणको लागि निवेदन दिने प्रक्रिया, समयावधि, ढाँचा, नवीकरण दस्तुर, संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु नियममा तोकिनेछ।	• नवीकरणको लागि निवेदन दिने प्रक्रिया, हदम्याद/अवधि, ढाँचा, दस्तुर, संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु निर्धारण हुनेछन्। • समान व्यवहार र पारदर्शिता अभिवृद्धि हुनेछ ।
१२	दफा १६ को उपदफा (२) को खण्ड (घ)	उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र त्यस्तो आदेशको पालना नगरेमा ।	आदेशको प्रकृति अनुसार आदेशको पालना तथा कार्यान्वयन गर्न आवश्यक पर्ने अवधि नियममा राखिनेछ ।	• आदेशको पालना तथा कार्यान्वयन गर्ने अवधि तोकिने र पारदर्शिता अभिवृद्धि हुनेछ ।

१३	दफा १७ को उपदफा (६)	जलविद्युत उत्पादन केन्द्र बाहेक अन्य विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरुको तोकिए बमोजिम व्यवस्थापन गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।	सौर्य लगायत अन्य स्रोतबाट विद्युत उत्पादन गर्ने आयोजना बन्द (डिकमिशन) गर्ने तथा त्यस पश्चात व्यवस्थापन गर्नुपर्ने विषयलाई नियममा समावेश गरिनेछ ।	• अनुमतिपत्रको अवधि समाप्त भएपछि आयोजना बन्द (डिकमिशन) गरी व्यवस्थापन गर्ने सम्बन्धी जिम्मेवारी तथा दायित्व निर्धारण हुनेछ ।
१४	दफा १७ को उपदफा (७)	यस दफा बमोजिम जलविद्युत उत्पादन केन्द्र, प्रसारण लाईन तथा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ	अनुमतिपत्रको अवधि समाप्त भए पश्चात नेपाल सरकारको स्वामित्वमा आउने जलविद्युत केन्द्र, प्रसारण लाईन तथा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधि र प्रक्रिया नियममा उल्लेख गरिनेछ ।	• सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्पष्ट विधि र प्रक्रिया निर्धारण हुनेछ । • कार्यान्वयन प्रक्रिया सहज र पारदर्शी हुनेछ
१५	दफा १९ को उपदफा (३)	उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले बाँधको डिजाईन तथा सुरक्षा सम्बन्धी स्वीकृत मापदण्ड तथा सिद्धान्तलाई पूर्णरुपमा पालना गर्नुपर्नेछ ।	बाँधको डिजाईन सम्बन्धी प्राविधिक र सुरक्षाका उपायहरु तथा सिद्धान्तलाई नियममा समावेश गरिनेछ।	• बाँधको डिजाईन, निर्माण तथा सञ्चालनको क्रममा मापदण्ड, नर्म तथा सिद्धान्तको पालना हुनेछ ।
१६	दफा १९ को उपदफा (४) को खण्ड (च)	तोकिए बमोजिमका अन्य काम गर्ने ।	उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले सम्पादन गर्ने कार्यसँग सम्बन्धित अनुमतिपत्रमा उल्लेख हुने शर्तहरु तथा अन्य काम कारबाही नियमद्वारा थप गरिनेछ।	• उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले सम्पादन गर्ने कार्य र जिम्मेवारी थप स्पष्ट हुनेछ । • उत्पादन अनुमतिपत्र प्राप्त संस्थालाई जिम्मेवार र उत्तरदायी बनाउन सहयोग पुग्नेछ ।
१७	दफा २० को	उपदफा (१) बमोजिम विद्युत	विद्युत प्रवाहको स्वीकृति दिने	• विद्युत प्रवाहको

	उपदफा (२)	प्रवाहको स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	विधि, प्रक्रिया र आवश्यक प्राविधिक विषय, निवेदनको ढाँचा र संलग्न गर्नुपर्ने विवरण समावेश गरिनेछ।	स्वीकृति सम्बन्धी मापदण्ड, प्रक्रिया र कार्यविधि तय हुनेछन्। • सुरक्षित विद्युत प्रवाह सुनिश्चित हुनेछ।
१८	दफा २१ को उपदफा (३)	उपदफा (१) बमोजिमको राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापन र प्रयोग गर्ने सम्बन्धी शर्तहरु तोकिए बमोजिम हुनेछ ।	अन्तराष्ट्रिय मान्यत र सिद्धान्त अनुरुप राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापन र प्रयोग सम्बन्धी शर्त, प्रक्रिया प्राविधिक स्तर र मानक समावेश गरिनेछ।	• राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा प्रयोगका आधार मापदण्ड प्राविधिक पक्षहरु तयार भई कार्यान्वयन हुनेछन्।
१९	दफा २२ को उपदफा (२)	राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायले विद्युत प्रसारण लाईन तथा ग्रिडको सञ्चालन तथा मर्मत सम्भार गर्दा तोकिए बमोजिम प्राविधिक मापदण्ड तथा ग्रिड कोडको पालना गर्नु पर्नेछ ।	ग्रिड कोड, मापदण्ड र आवश्यक प्राविधिक प्रोटोकल निर्धारण गरी नियममा समावेश गरिनेछ।	• राष्ट्रिय प्रसारण ग्रिडको विकास तथा सञ्चालन प्राविधिक मापदण्ड र ग्रिड कोड बमोजिम हुनेछ। • राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन र व्यवस्थापन सुरक्षित तथा प्रभावकारी हुनेछ ।
२०	दफा २३ को उपदफा (२)	राष्ट्रिय प्रसारण ग्रिडमा पहुँचको लागि दफा २१ को उपदफा (२) बमोजिमको निकाय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।	ग्रिड पहुँचको लागि दिईने निवेदनको ढाँचा, विद्युत परिमाण तथा संलग्न गर्नुपर्ने कागजात तथा विवरण र दस्तुर सम्बन्धी विषयहरु तय गरी नियममा समावेश गरिनेछ ।	• ग्रिड प्रयोगको स्वीकृति प्राप्तिको प्रक्रिया तोकिनेछ र कार्यान्वयन प्रक्रिया पारदर्शी तथा सरल हुनेछ ।
२१	दफा २३ को उपदफा (६)	राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईनमा पहुँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	पहुँच प्राप्ति सम्बन्धी शर्त प्रक्रिया तथा प्राविधिक प्रोटोकल तय गरी नियममा समावेश गरिनेछ ।	• खुला पहुँच प्राप्ति सम्बन्धी शर्त, प्रक्रिया तथा प्रोटोकल तयार भई

				कार्यान्वयन हुनेछ।
२२	दफा २४ को उपदफा (२) को खण्ड (ङ)	तोकिए बमोजिमका अन्य काम गर्ने ।	राष्ट्रिय भार सम्प्रेषण सम्वन्धमा दफा २४ (२) मा तोकिएका कार्य अतिरिक्त आवश्यकता अनुसार थप कार्य र जिम्मेवारी नियममा समावेश गरिनेछ ।	• भार सम्प्रेषण सम्बन्धी कार्यको व्यावसायिक रुपले स्वतन्त्र निकाय मार्फत पारदर्शी र प्रभावकारी रुपले सञ्चालन हुनेछ।
२३	दफा २५ को उपदफा (१)	विद्युत प्रसारण तथा वितरण लाईन विकास र सञ्चालनको लागि त्यस्तो लाईनको केन्द्रबिन्दुबाट दायाँ बायाँ दुबै तर्फ तोकिए बमोजिमको दूरीमा विद्युत मार्गको अधिकार (राईट अफ वे) कायम हुनेछ ।	प्रसारण तथा वितरण लाईनको क्षमता (भोल्टेज)अनुसार आवश्यक पर्ने दूरी (फासला) नियममा राखिनेछ ।	• प्रसारण तथा वितरण लाईनको क्षमता (भोल्टेज) तथा राईट अफ वेको दूरी निर्धारण हुनेछ ।
२४	दफा २५ को उपदफा (३)	उपदफा (१) बमोजिम विद्युत प्रसारण लाईनको अधिकार क्षेत्र भित्र परेको जग्गा तथा अन्य संरचनाको लागि अनुमतिपत्र प्राप्त संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।	विद्युत प्रसारण लाईनको राईट अफ वे अन्तर्गत पर्ने जग्गाको क्षतिपूर्ति निर्धारण गर्ने प्रक्रिया, आधार, क्षतिको मूल्याङ्कन गर्ने विधि र संयन्त्र तय गरी नियममा समावेश गरिनेछ ।	• विद्युत प्रसारण लाईनको राईट अफ वेमा पर्ने जग्गाको क्षतिपूर्ति निर्धारण गर्ने आधार, विधि र संयन्त्र तयार हुनेछ। • क्षतिपूर्ति निर्धारणमा रहेको अस्पष्टता समाधान हुनेछ ।
२५	दफा २७ को उपदफा (२)	उपदफा (१) बमोजिम विद्युत वितरण र ग्राहक अनुमतिपत्र प्राप्त संस्था बीच विद्युत वितरण प्रणालीको प्रयोग र त्यस बापतको शुल्क तथा सो प्रणाली मार्फत ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।	वितरण प्रणाली प्रयोग गर्ने सम्बन्धी शर्त प्रक्रिया, शुल्क लगायत वितरण प्रणालीको प्रयोग सम्बन्धी प्राविधिक विषयहरु नियममा समावेश गरिनेछ ।	• एक भन्दा बढी सेवा प्रदायकले एउटै वितरण प्रणाली प्रयोग गर्न सक्ने कानुनी तथा प्राविधिक आधार लागू हुनेछन् । • बहुवितरण प्रणाली लागू भई ग्राहकलाई सेवा प्रदायक छनौट

				गर्ने अवसर प्राप्त हुनेछ।
२६	दफा २९ को उपदफा (२) को खण्ड (ङ)	तोकिए बमोजिमका अन्य काम गर्ने ।	दफा २९ (२) मा उल्लिखित कार्यहरुको अतिरिक्त खरिद तथा बिक्री भएको विद्युतको परिमाण, दररेट तथा अन्य सान्दर्भिक र आवश्यक कार्यहरु नियममा समावेश गरिने छ ।	• व्यापार अनुमतिपत्र प्राप्त संस्थाले सम्पादन गर्नुपर्ने अन्य कार्यहरु स्पष्टरुपमा तोकिने छन् । • विद्युत व्यापार सञ्चालन प्रक्रिया नियमित, व्यवस्थित र पारदर्शी हुनेछ।
२७	दफा ३० को उपदफा (४)	अन्तर्देशीय विद्युत व्यापार सम्बकन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।	विद्युतको अन्तर्देशीय व्यापार गर्न तथा विद्युत आयात निर्यातको लागि स्वीकृति प्राप्त गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी आधार नियममा समावेश गरिनेछ।	• विद्युतको अन्तर्देशीय व्यापार गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी आधार तयार हुनेछ।
२८	दफा ३१ को उपदफा (१)	(क) विद्युत गृहबाट व्यापारिक उत्पादन शुरु गरे पश्चात जडित मेगावाट र विद्युत बिक्री (किलोवाट घण्टा) बापत तोकिए बमोजिमको रकम, (ख) विद्युत प्रसारण शुल्क प्राप्त गरे बापत तोकिए बमोजिमको रकम	रोयल्टी सम्बन्धी विषयलाई समय समयमा संशोधन र हेरफेर गर्नुपर्ने हुँदा आयोजनाको प्रकार, विद्युतको स्रोत, विद्युतको जडित क्षमता, विद्युत बिक्री र प्रसारण शुल्क गरी तीन प्रकारको रोयल्टी बापत तिर्नुपर्ने रकम /प्रतिशत तोकी नियममा राखिनेछ ।	• आयोजनाको प्रकार, विद्युतको स्रोत, विद्युतको जडित क्षमता, विद्युत बिक्री र प्रसारण शुल्क गरी तीन प्रकारको रोयल्टीको प्रतिशत तोकी लागू हुनेछ। • रोयल्टी सम्बन्धी विषय पारदर्शी हुनेछ।
२९	दफा ३१ को उपदफा (३)	उपदफा (१) बमोजिमको रोयल्टी तोकिएको समयभित्र नबुझाएमा प्रचलित कानुन बमोजिम असुल गरिनेछ ।	रोयल्टी बुझाउनु पर्ने समयसीमा नियममा तोकिनेछ ।	• रोयल्टी बुझाउनु पर्ने समयसीमा निर्धारण हुनेछ ।
३०	दफा ३१ को	रोयल्टी सम्बन्धी अन्य	रोयल्टी बुझाउने तथा संकलन	• रोयल्टी गणना,

	उपदफा (४)	व्यवस्था तोकिए बमोजिम हुनेछ।	गर्ने समय, कार्यविधि तथा समयमा रोयल्टी नबुझाएमा असुल गर्ने तरिका नियममा तोकिनेछ ।	संकलन र व्यवस्थापन प्रक्रिया सहज र प्रभावकारी हुनेछ।
३१	दफा ३४ को उपदफा (१)	अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्दा तोकिए बमोजिमको गुणस्तर कायम राख्नु पर्नेछ ।	विद्युत उत्पादन, प्रसारण र वितरण प्रक्रियामा विद्युतको गुणस्तर कायम गर्ने सम्बन्धी प्राविधिक विषयहरु नियममा समावेश गरिनेछ ।	• सुरक्षित र भरपर्दो विद्युत प्रणालीको विकास हुने र ग्राहकलाई गुणस्तरीय विद्युत आपूर्ति सुनिश्चित हुनेछ।
३२	दफा ३४ को उपदफा (२)	अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा मर्मत सम्भार गर्दा तोकिए बमोजिम सुरक्षात्मक उपायहरु अवलम्बन गरी भरपर्दो र सुरक्षित विद्युत आपूर्ति गर्नुपर्नेछ।	विद्युत उत्पादन, प्रसारण वितरण वा मर्मत सम्भार गर्दा अवलम्बन गर्नुपर्ने आवश्यक सुरक्षात्मक उपायहरु नियममा समावेश गरिनेछ ।	• विद्युतको उत्पादन, प्रसारण, वितरण वा मर्मत सम्भार गर्दा अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपायहरु लागू हुनेछ । • भरपर्दो र सुरक्षित विद्युत आपूर्ति हुनेछ।
३३	दफा ३५ को उपदफा (४)	विद्युत उत्पादन, प्रसारण वा वितरण कार्य र सोसँग सम्बन्धित संरचनाको सुरक्षाको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा तोकिए बमोजिम जिल्ला स्तरीय सुरक्षा संयन्त्र गठन हुनेछ।	जिल्ला स्तरीय सुरक्षा समितिमा रहने पदाधिकारी वा प्रतिनिधि सम्बन्धी व्यवस्था नियममा उल्लेख गरिनेछ ।	• जिल्ला स्तरीय सुरक्षा समितिमा रहने प्रतिनिधि तथा पदाधिकारी तोकिने र समिति प्रभावकारी हुनेछ ।
३४	दफा ३५ को उपदफा (५)	उपदफा (४) बमोजिम गठन गरिएको सुरक्षा संयन्त्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।	सुरक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी विषयहरु नियममा समावेश गरिनेछ।	• सुरक्षा समितिको काम कारबाही र बैठक सम्बन्धी कार्यविधि निर्धारण हुनेछ । • विद्युत आयोजनाको लागि

				स्थानीयस्तरबाट नै सुरक्षा उपलब्ध हुनेछ ।
३५	दफा ३९ को उपदफा (२)	जलस्रोतबाट विद्युत उत्पादन गर्न अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा नदी प्रणालीको जल पर्यावरणलाई प्रतिकूल प्रभाव हुन नदिन सो प्रयोजनको लागि आवश्यक पर्ने तोकिए बमोजिमको परिमाणको पानी र उपायहरु आयोजनाको बाँधस्थल देखि नदीको तल्लो भागमा प्रवाह हुने आवश्यक व्यवस्था गर्नुपर्नेछ।	नदी प्रणाली र त्यसमा आश्रित जलचर तथा वनस्पतिको लागि आवश्यक परिमाणको पानी आयोजनाको बाँधस्थल भन्दा तल्लो भागमा निरन्तर प्रवाह गर्नुपर्ने लगायतका अन्य आवश्यक विषयहरु नियममा समावेश गरिनेछ।	• नदी प्रणाली र त्यसको पर्यावरण निर्मल र स्वच्छ राख्ने कानुनी आधार तयार हुनेछ। • नदीको तल्लो भागमा रहेका जलचर तथा नदी प्रणालीको लागि आवश्यक न्यूनतम पानीको उपलब्धता सुनिश्चित हुनेछ ।
३६	दफा ४२ को उपदफा (४) को खण्ड (च)	तोकिए बमोजिमका अन्य कार्य गर्ने ।	दफा ४२ को उपदफा (४) मा तोकिएका कामको अतिरिक्त निर्देशक समितिले सम्पादन गर्नुपर्ने अन्य आवश्यक कार्यहरु पहिचान गरी नियममा समावेश गरिनेछ।	• निर्देशक समितिको कार्य क्षेत्र थप परिभाषित हुने र विद्युत आयोजनाको विकास, निर्माण तथा सञ्चालनमा समन्वय भई सकारात्मक नतिजा प्राप्त हुनेछ ।
३७	दफा ४३ को उपदफा (३)	विद्युत आयोजनाको अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	विद्युत आयोजनाको अनुगमन तथा निरीक्षण सम्बन्धी प्रक्रिया, कार्यविधि तथा प्रगति समिक्षा गर्ने तरिका र विषयलाई नियममा समाविष्ट गरिनेछ ।	• प्रचलित कानुन तथा अनुमतिपत्रमा उल्लिखित शर्त तथा मापदण्डको पालना सुनिश्चित गर्न सहयोग पुग्नेछ । • आयोजनाको लक्ष्य र प्रगति समिक्षा हुनेछ।
३८	दफा ५१ को उपदफा (२)	विद्युत आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय स्थायी	विद्युत आयोजनामा स्थानीय बासिन्दाले शेयर लगानी गर्न	• आयोजना निर्माण र सञ्चालनमा स्थानीय

		बासिन्दाले त्यस्तो आयोजना विकासको लागि शेयर लगानी गर्न चाहेमा तोकिए बमोजिम शेयर लगानी गर्न दिनु पर्नेछ ।	पाउने सीमा (प्रतिशत) नियममा तोकिनेछ।	बासिन्दाको स्वामित्व, सहयोग र सहभागिता अभिवृद्धि हुनेछ।
३९	दफा ५५ को उपदफा (३)	एकीकृत विकास तथा वित्तीय सम्झौता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	एकीकृत विकास तथा वित्तीय सम्झौता सम्पन्न गर्ने प्रक्रिया तथा कार्यविधिलाई नियममा समावेश गरिनेछ ।	• एकीकृत विकास तथा वित्तीय सम्झौता सम्पन्न गर्ने प्रक्रिया स्पष्ट हुनेछ। • सम्झौता सम्पन्न गर्ने व्यवस्था पारदर्शी र व्यवस्थित हुनेछ ।
४०	दफा ५६ को उपदफा (२)	व्यापक सार्वजनिक हित र जलस्रोतको अधिकतम उपयोग हुने गरी बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको विकास र सञ्चालन गरिने भएमा त्यस्तो आयोजनाको विकास निर्माण गर्दा त्यस्तो स्थानमा कुनै विद्युत आयोजना निर्माण र सञ्चालनमा रहेको भएमा त्यस्तो आयोजनाको लागि तोकिए बमोजिमको क्षतिपूर्ति दिई खरिद वा अन्य तरिकाले व्यवस्थापन गर्न सकिनेछ ।	प्रभावित आयोजनालाई पर्ने क्षति निर्धारण गर्ने प्रक्रिया, मूल्याङ्कन गर्दा लिईने आधारहरु वा क्षति निर्धारण तथा व्यवस्थापनका आवश्यक मोडालिटी र तरिका नियममा तोकिनेछ ।	• क्षति निर्धारण प्रक्रिया, र आधार तथा व्यवस्थापनका तरिका निर्धारण भई लागू हुनेछन्। • साना आयोजनाको लगानी तथा प्रतिफल सुरक्षित गर्न सहयोग पुग्नेछ।
४१	दफा ५७ को उपदफा (२)	विद्युत आयोजनाको व्यवस्थापन नियन्त्रणमा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	विद्युत आयोजनाको व्यवस्थापन नियन्त्रणमा लिने सम्वन्धी आधार,आवश्यकताको पहिचान तथा आयोजना पुनः फिर्ता गर्ने प्रक्रियालाई नियममा समावेश गरिनेछ ।	• व्यवस्थापन नियन्त्रणमा लिने र पुनः फिर्ता गर्ने प्रक्रिया सुनिश्चित, पारदर्शी र व्यवस्थित हुनेछ।
४२	दफा ६३	यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक	यस ऐनको उद्देश्य कार्यान्वयन गर्न ऐनले निर्धारण गरेको	• ऐनको कर्यान्वयन गर्न आवश्यक नियम

		नियमहरु बनाउन सक्नेछ ।	दायरा र सीमा भित्र रही आयश्यक विषयहरु नियममा समावेश गरिनेछ।	तयार भई लागू हुनेछ। • ऐन कार्यान्वयन गर्ने कार्यविधि तथा अन्य आवश्यक आधार तयार हुनेछन् ।
४३	दफा ६४ को उपदफा (१)	मन्त्रालयले देहायका विषयमा आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछः— (क) प्रतिस्पर्धा सम्बन्धमा, (ख)विद्युत व्यापार (अन्तर्देशीय समेत) नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा, (ग) प्रसारण तथा वितरण लाईनको प्रयोग तथा खुला पहुँच सम्बन्धमा, (घ) पुनर्वास तथा पुनर्स्थापना सम्बन्धमा ।	प्रतिस्पर्धा, विद्युत व्यापार, खुला पहुँच र पुनर्वास तथा पुनर्स्थापना सम्बन्धमा आवश्यक प्रक्रिया लाई नियमित र व्यवस्थित गर्न ऐनको उद्देश्य र सीमा भित्र रही आवश्यक विषय निर्देशिकामा राखिनेछ।	• प्राविधिक र कार्यविधि सम्बन्धी विषयहरु सुस्पष्ट हुनेछन् । • कार्यान्वयन तथा व्यवस्थापन पक्ष छिटो छरितो र प्रभावकारी हुनेछ। • सम्वद्ध पक्षको जिम्मेवारी तथा दायित्व सुनिश्चित हुनेछ ।
४४	दफा ६४ को उपदफा (२)	मन्त्रालयले विद्युत आयोजना, सुरुङ्ग, बाँध तथा विद्युत गृह लगायतका संरचनाको डिजाईन, नक्सा तथा सुरक्षाका उपाय सम्बन्धमा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।	विद्युत आयोजना, सुरुङ्ग, बाँध तथा विद्युत गृह जस्ता संरचनाको डिजाईन, नक्सा तथा सुरक्षाका उपायहरुमा प्राविधिक पक्ष समावेश हुने भएकोले अन्तर्राष्ट्रिय मान्यता समेतका आधारमा प्राविधिक पक्षमा मात्र सीमित रही मापदण्ड तयार गरिनेछ ।	• सुरक्षाका उपायहरु समावेश भएको मापदण्ड तयार भई लागू हुनेछ । • सबल, सुरक्षित र दिगो संरचना निर्माण हुनेछन् । • उचित तत्परता (ड्यू डिलिजेन्स) अभिवृद्धि हुनेछ ।

विद्युत विधेयक, २०७७ को व्याख्यात्मक टिप्पणी

१. पृष्ठभूमिः

विद्युत क्षेत्रको सुधार र विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि तीनै तहको सरकार बीच अधिकार र जिम्मेवारी बाँडफाँटको आवश्यकताबोध भई विद्युत विधेयक,२०७७ तयार गरिएको छ ।

विधेयक सम्बन्धमा संसदीय काम कारबाही तथा समितिमा हुने छलफल प्रक्रियालाई दिशा निर्देश गर्न तथा त्यस्तो छलफल र वहस प्रक्रियालाई स्पष्ट, संक्षिप्त र अर्थपूर्ण बनाउन सहयोग पुग्ने उद्देश्यले यो व्याख्यात्मक टिप्पणी तयार गरिएको छ ।

२. व्याख्यात्मक टिप्पणीको उद्देश्य र प्रयोजन :

देहायका उद्देश्य र प्रयोजनको लागि यो विधेयकमा रहेका प्रत्येक दफाको व्यख्यात्मक टिप्पणी तयार गरिएको छ :

(क) विधेयकको सम्बन्धमा नेपाल सरकारको बुझाइ र अवधारणा संघीय संसदलाई बोध गराउन,

(ख) प्रतिनिधि सभा तथा राष्ट्रिय सभा र त्यस अन्तर्गतका समितिमा हुने छलफलको लागि विधेयकको प्रत्येक दफामा अन्तरनिहित अर्थ र अभिप्राय उपलव्ध गराउन,

(ग) प्रत्यायोजित विधायन बनाउनु पर्ने विषयहरुको आवश्यक जाँचमा सहयोग पुऱ्याउन,

(घ) अदालत, कानुन व्यवसायी तथा कानून कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरुलाई कानूनको कार्यान्वयन र व्याख्यामा सघाउ पुऱ्याउन,

(ङ) विधेयकको आवश्यकता र महत्वको विषयमा सरोकारवाला तथा सर्वसाधारणलाई जानकारी दिन तथा सूचित गर्न,

(च) प्राकृतिक स्रोत साधनको उपयोग, लाभको बाँडफाँट र विकास सम्बन्धी अधिकारको कार्यान्वयनको लागि उचित र आवश्यक व्यवस्था विधेयकमा समावेश गरिएको सुनिश्चित गर्न,

(छ) नेपालको संविधानको धारा ५२ मा उल्लेख भए बमोजिम विद्युत क्षेत्रसँग सम्वन्धित राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरुको प्रगतिशील कार्यान्वयन गर्ने राज्यको दायित्व निर्वाहको लागि कानुनी व्यवस्था गरिएको विषय सुनिश्चित गर्न।

३. व्याख्यात्मक टिप्पणी :

विधेयकको दफा शीर्षकको आधारमा प्रत्येक दफाको व्याख्या र त्यसको कार्यान्वयनबाट प्राप्त हुने उपलब्धिलाई बुँदागतरुपमा उल्लेख गरिएको छ । यो टिप्पणी तयार गर्दा विधेयकको दफा तथा

उपदफामा रहेको व्यवस्था र त्यसमा अन्तरनिहित उद्देश्य, अर्थ र अभिप्रायलाई बुझ्न सहज हुने गरी दफा शीर्षकको आधारमा व्याख्यात्मक टिप्पणी प्रस्तुत गरिएको छ :

दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी (उद्देश्य र अभिप्राय)
१	संक्षिप्त नाम र प्रारम्भ	• विद्युतको उत्पादन, प्रसारण, वितरणसँग सम्वन्धित प्रचलित कानूनलाई एकीकरण र संशोधन गरी तयार भएको यो ऐनको नाम "विद्युत ऐन, २०७७" रहेको छ, र • यो ऐन संघीय संसदबाट पारित भई राष्ट्रपतिबाट प्रमाणित भए पश्चात तत्काल प्रारम्भ हुनेछ ।
२	परिभाषा	• विधेयकको परिभाषा खण्डमा छब्बीस वटा शब्द तथा शब्दावलीको परिभाषा गरिएको छ । शब्दहरुको समान अर्थ र बुझाइ कायम गर्दै कानुनी अर्थ दिन र ऐनको कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन परिभाषा गरिएको छ । • विधेयकमा प्रयुक्त शब्द तथा शब्दावलीहरुको अर्थ तथा व्याख्याले व्यक्तिको अधिकार, दायित्व, शर्त र जिम्मेवारी बुझाउने भएकोले त्यस्तो अधिकार, दायित्व, शर्त र जिम्मेवारीको स्पष्टताको लागि पनि शब्द तथा शब्दावलीको परिभाषा गर्न आवश्यक भएको छ।
३	आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार	• नेपालको संविधानमा विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार संघ, प्रदेश र स्थानीय तहमा रहने उल्लेख भएकोले संवैधानिक व्यवस्था तथा संघीयताको सिद्धान्त अनुसार अधिकार र जिम्मेवारीको बाँडफाँट गर्न, • नेपालको संविधानको धारा ५१ को खण्ड (ख) को वुँदा नं (६) मा उल्लिखित संघीय इकाइहरु बीच जिम्मेवारी, स्रोत, साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने राज्यको नीति कार्यान्वयनका लागि कानुनी आधार तयार गर्न ।
४	विद्युतमा पहुँच	• नेपालको संविधानको धारा ५१ को खण्ड (ज) को वुँदा नं (१३) मा उल्लिखित वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने नीतिको सफल कार्यान्वयनका लागि कानुनी आधार तयार गर्न, र • संयुक्त राष्ट्र दिगो विकासको लक्ष्य अनुसार सन् २०३० सम्म स्वच्छ, गुणस्तरीय, सुरक्षित, नियमित, भरपर्दो र आधुनिक ऊर्जामा सबै नेपालीको पहुँच पुऱ्याउने कार्यक्रमलाई सुदृढ र प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो व्यवस्था सहयोगी हुनेछ ।

५	ग्रामीण विद्युतीकरण	• नेपालको संविधानको धारा ५१ को खण्ड (च) मा उल्लिखित विकास सम्बन्धी नीति तथा खण्ड (छ) मा उल्लिखित प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीतिको कार्यान्वयनमा सहयोगी हुने, र • विद्युत सेवा नपुगेका ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युत सेवा पुऱ्याई नेपालको संविधानले परिकल्पना गरे अनुरुप न्यायोचित रुपमा विकासको प्रतिफल वितरण गर्ने उद्देश्य प्राप्ति गर्न सहयोग पुग्नेछ।
६	प्रतिस्पर्धा गर्नुपर्ने	• न्युनतम लागतमा विद्युत आयोजनाको विकास गर्ने सोचलाई मूर्तरुप दिन, • विद्युत आयोजनाको विकास तथा सञ्चालनलाई प्रतिस्पर्धात्मक बनाउन, • विद्युत आयोजनाको विकास र सञ्चालनमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न तथा ऊनीहरुलाई समान र निष्पक्ष व्यवहार गरिने कुराको सुनिश्चित गर्न, • रोजगारी सिर्जना र आर्थिक वृद्धि हासिल गर्न, • विद्युत महसुल दरलाई सस्तो र किफायती बनाउन, • आर्थिक, प्राविधिक र व्यावसायिक रुपमा सक्षम प्रवर्द्धकको छनौट गर्न प्रतिस्पर्धा गर्नुपर्ने व्यवस्था रहेको छ ।
७	प्रस्ताव आह्वान गर्नुपर्ने	• प्रतिस्पर्धालाई स्वच्छ र पारदर्शी बनाउन, • नियमन सम्बन्धी कानुनी व्यवस्था लागू गर्न, • तोकिएका शर्त, प्रक्रिया, दायित्व तथा जिम्मेवारी पालना प्रतिको तत्परता (ड्यू डिलिजेन्स) जाँच गर्न, • निष्पक्ष, पादरर्शी, स्वच्छ र समान व्यवहार सुनिश्चित गर्न, • ईच्छुक प्रस्तावकले भाग लिन पाउने गरी समान अवसर सुनिश्चित गर्न प्रस्ताव आह्वान गरिनेछ ।
८	प्रस्तावको छनौट तथा सम्झौता	• प्रस्ताव मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन, • आयोजनाको विकास तथा सञ्चालनको सम्बन्धमा सरकारी पक्ष तथा प्रवर्द्धकले पालना गर्नुपर्ने शर्त प्रक्रिया, दायित्व तथा जोखिमसँग सम्बन्धित पक्षलाई सम्बोधन र व्यवस्थापन गर्न आयोजना सम्झौता सम्पन्न गरिनेछ ।
९	अनुमतिपत्र लिनुपर्ने	• विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवा सम्बन्धी व्यवसायलाई नियमित र व्यवस्थित गरी आवश्यक नियमन गर्न, • अनुमतिपत्र प्राप्त संस्थालाई विद्युत आयोजना विकास तथा सञ्चालन सम्बन्धी अधिकार, दायित्व र जिम्मेवारी प्रदान गर्न अनुमतिपत्र लिनुपर्नेछ ।
१०	अनुमतिपत्र दिनुपर्ने	• अनुमतिपत्र प्रदान गर्ने अधिकारीलाई जिम्मेवार र उत्तरदायी बनाउन, • विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवाको लागि प्राप्त निवेदन तथा सो साथ संलग्न कागजात तथा विवरण पेश भए पश्चात

		अनुमतिपत्र दिईने विषय सुनिश्चित गर्न, • प्रवर्द्धक तथा लगानीकर्ताहरुको विश्वास हासिल गर्न अनुमतिपत्र दिइनेछ।
११	अनुमतिपत्र प्रदान गर्ने अधिकार	• नेपालको संविधान बमोजिम विद्युत आयोजनाको विकास र नियमनमा तीनै तहको सरकारमा अधिकार रहने कानुनी व्यवस्था गर्न, • नेपालको संविधानको धारा ५१ को खण्ड (ख) को वुँदा नं (६) मा उल्लिखित संघीय इकाइहरु बीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने नीतिको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्न, र • अधिकारको विभाजन गर्दा नेपालको संविधान, संघीयताको भावना तथा संघीय इकाइहरुको संगठनात्मक पक्षलाई ध्यानमा राखिएको र यसबाट संवैधानिक व्यवस्थाको सफल कार्यान्वयनमा सहयोग पुग्नेछ ।
१२	बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजना सम्बन्धी विशेष व्यवस्था	• बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजनाबाट प्राप्त हुने प्रतिफललाई आकर्षक बनाई यस्ता आयोजनाको विकासलाई प्रोत्साहन गर्न एउटै आयोजनाको रुपमा रहने बाँध तथा विद्युत गृहको विकास तथा सञ्चालनको लागि अलगअलग संस्थालाई ऊनीहरुबीच भएको सम्झौताको आधारमा एकैपटक अनुमतिपत्र दिन सकिने, र • सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार बाँधको निर्माण सहुलियत ब्याजदरको ऋण र विद्युत गृह व्यापारिक ब्याजदरको ऋण प्राप्त गरी निर्माण गर्न सक्ने वातावरण बन्नेछ।
१३	एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र नदिइने	• विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवा सम्वन्धी कार्य गर्नेहरु बीच स्वच्छ प्रतिस्पर्धा कायम गर्न, • यस्तो कार्य गर्ने संस्थाहरुको प्रविधिक तथा व्यावसायिक क्षमता तथा दक्षता अभिबृद्धि गर्न, तर यस सम्बन्धमा केही अपवाद प्रस्ताव गरिएको छ : • प्रसारण लाईन नपुगेको स्थानमा विद्युतीकरण गर्ने कार्यमा रोकावट वा अवरोध हुन नदिन, • विद्युत निर्यात गर्ने आयोजनाको विकासलाई प्रवर्द्धन गर्न, र • ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युत वितरणलाई प्रभावकारी बनाउने उद्देश्य प्राप्तिको लागि यो व्यवस्था राखिएको छ ।
१४	अनुमतिपत्रको अवधि	• आयोजनाको प्रकृति र प्रकार अनुसार आयोजनाबाट प्राप्त हुने प्रक्षेपित लाभ, लागत र जोखिमको आँकलन गरी अनुमतिपत्रको अधिकतम अवधि तय गरिएको छ, • लगानीबाट प्राप्त प्रतिफल, ऋण भुक्तानी, आयोजना सञ्चालन तथा व्यवस्थापन खर्च, कर तथा रोयल्टी भुक्तानी लगायतका पक्षहरुलाई

		ध्यानमा राखी लगानीकर्ताले उचित प्रतिफल प्राप्त गर्ने वातावरण तयार गर्न, • आयोजनाको प्रकृति, लगानी जुटाउन आवश्यक पर्ने अवधि, प्रतिफलको प्रतिशत (रेट अफ रिटर्न अन इक्विटि), वहन गर्नुपर्ने जोखिम जस्ता पक्षहरु र विगतको अनुभव तथा सिकाइको आधारमा अनुमतिपत्रको अवधि निर्धारण गरिएको छ ।
१५	अनुमतिपत्रको नवीकरण	• विद्युत उत्पादन खासगरी जलविद्युत उत्पादनको अनुमतिपत्र वढीमा पचास वर्ष सम्मको हुने भएकोले आश्यकताको सिद्धान्त अनुसार प्रसारण र वितरण अनुमतिपत्र पनि उत्पादन अनुमतिपत्रको अवधिसम्म नवीकरण गर्न सकिने व्यवस्था राखिएको छ । यो व्यवस्थाले विद्युत आयोजनाको विकास र सञ्चालनलाई सहज बनाउने छ ।
१६	अनुमतिपत्रको खारेजी	• अनुमतिपत्र प्राप्त संस्थालाई जिम्मेवार र उत्तरदायी बनाउन, • अनुमतिपत्र बमोजिमको कार्य सम्पन्न गरी विद्युत आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थाको कर्तव्य निर्वाह गर्न गराउन, • कानूनको कार्यान्वयन र पालनाबाट जिम्मेवारी र दायित्व निर्वाह भई अपेक्षित नतिजा प्राप्त गर्न सकिने हुँदा कानूनको पालनाबाट विमुख भएमा अनुमतिपत्र खारेज हुनसक्ने व्यवस्था राखी नियमन प्रक्रियालाई थप प्रभावकारी बनाउन।
१७	स्वामित्व हस्तान्तरण	• अनुमतिपत्रको अवधिभित्र लगानी फिर्ता र प्रतिफल समेत प्राप्त भईसक्ने भएकोले राष्ट्रको स्रोत उपयोग गर्ने आयोजना सरकारलाई नै फिर्ता गर्नुपर्ने सिद्धान्त र मान्यताको आधारमा जलविद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचना, विद्युत प्रसारण लाईन, वितरण प्रणाली र सोसँग सम्बन्धित संरचना नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरिएको छ, • स्वामित्वको हस्तान्तरण पश्चात् त्यस्ता आयोजनाको सञ्चालन र व्यवस्थापन प्रतिस्पर्धाबाट दिईने हुँदा आयोजना हस्तान्तरण पछि पनि विद्युत गृहको सञ्चालन र व्यवस्थापनमा व्यावसायिक सिद्धान्तको अनुसरण हुनेछ ।
१८	क्याप्टिभ तथा सहउत्पादन	• व्यवसाय सञ्चालनमा ऊर्जा अभावको कारणले सिर्जना हुने अवरोध हुन नदिन स्रोतको एकसुत्रीकरण (पुलिङ् अफ रिसोर्सेज) को अवधारणा अनुसार व्यवसायीहरुले क्याप्टिभ र सहउत्पादनबाट विद्युतको अभाव पूर्ति गर्न, • व्यवसाय गर्ने वातावरण ((इज अफ डुइङ्ग विजिनेस) लाई सहज बनाउन • उत्पादित विद्युत मध्ये एकाउन्न प्रतिशत सम्म आफूले उपयोग गरी बढी भएको विद्युत बिक्री गर्न दिने गरी उद्योग व्यवसायी आफैले आफ्नो प्रयोजनको लागि आवश्यक विद्युतको व्यवस्थापन गर्न सहज हुनेछ ।
१९	उत्पादन	• उत्पादन अनुमतिपत्र प्राप्त संस्थालाई जिम्मेवार र उत्तरदायी बनाउन,

	अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी तथा दायित्व	• उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकार स्पष्ट गर्न ।
२०	विद्युत प्रवाहको स्वीकृति	• उत्पादित विद्युत प्रवाहको लागि प्रसारण लाईन तयार भएको सुनिश्चित गर्न, • प्राविधिक पक्षको मूल्याङ्कन (टेक्निकल ड्यु डिलिजेन्स) का आधारमा विद्युतगृहबाट विद्युतको परीक्षण उत्पादन (टेष्टिङ्ग एण्ड कमिशनिङ्ग) सफल भएको सुनिश्चित गर्न, • विद्युत प्रवाह गर्ने विषयलाई नियमित र व्यवस्थित गर्न, • विद्युतको रोयल्टी गणना प्रक्रियालाई सहज र प्रभावकारी बनाउन सहयोग पुग्नेछ।
२१	राष्ट्रिय प्रसारण ग्रिड	• विद्युत प्रसारण लाईन तथा ग्रिड सञ्चालन सम्वन्धी कार्य प्राविधिक र व्यावसायिक रुपमा सक्षम निकाय मार्फत सम्पादन गर्न, • विद्युत उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउन, प्रसारण लाईनमा खुला पहुँचको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, • दफा १३ को व्यवस्था बमोजिम राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापनको लागि अलग निकाय रहने र ऐन लागू भए पश्चात त्यस्तो निकाय नेपाल सरकारले तोक्नेछ।
२२	राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायको काम, कर्तब्य र अधिकार	• राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायको काम, कर्तब्य र अधिकारको दायरा र क्षेत्र निर्धारण गर्न, • ग्रिड सञ्चलन र व्यवस्थापनको लागि अधिकार सम्पन्न निकाय मार्फत भरपर्दो र नियमित विद्युत प्रसारणको लागि त्यस्तो निकायको जिम्मेवारी र अधिकार तोकिएको छ ।
२३	राष्ट्रिय प्रसारण ग्रिडमा पहुँच	• विद्युत वितरण तथा विद्युत व्यापारको लागि विद्युतको सहज प्रवाह गराउन, • राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत प्रवाहलाई नियमन र व्यवस्थापन गर्न तथा उत्पादन र व्यापार अनुमतिपत्र प्राप्त संस्था बीचको प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न, • प्रसारण लाईन (जुन महत्वपूर्ण राष्ट्रिय पूर्वाधार पनि हो) को प्रयोग गरे बापत विद्युत नियमन आयोगले निर्धारण गरे बमोजिमको प्रसारण शुल्क लिई ग्रिडमा सहज पहुँचलाई यो व्यवस्था सुनिश्चित गर्नेछ ।
२४	राष्ट्रिय भार सम्प्रेषण केन्द्र	• विद्युतको माग र उपलव्धता, प्रसारण लाईनको क्षमता, विद्युत प्रणालीको सुरक्षा तथा स्यायित्वको लागि कार्य गर्न एक स्वतन्त्र र सक्षम निकायको स्थापना हुनेछ, • यस्तो निकायको स्थापनाबाट प्रणालीको सञ्चालन, व्यवस्थापन तथा भार

		प्रक्षेपण जस्ता कार्यका लागि एक सक्षम संस्था तयार हुनेछ।
२५	विद्युत मार्गको अधिकार (राईट अफ वे) कायम हुने	• प्रत्येक प्रसारण लाईनको केन्द्रबिन्दुबाट दायाँ बायाँ दुवै तर्फ तोकिएको दुरीसम्म विद्युत प्रसारण र सोसँग सम्बन्धित कार्यको लागि अधिकार स्थापित हुनेछ, • यस्तो व्यवस्थाले प्रसारण लाईनको निर्माण, सञ्चालन र निरन्तर विद्युत प्रवाह कायम राख्न समय समयमा मर्मत सम्भार सम्बन्धी कार्य गर्ने अधिकार पनि रहनेछ, र • नेपालको संविधानको धारा २५ बमोजिम सम्पतिको व्यावसायिक लाभ र क्षतिपूर्ति प्राप्त गर्ने हक बमोजिम राईट अफ वे अन्तर्गत पर्ने जग्गाको लागि सम्बन्धित जग्गाधनीले क्षतिपूर्ति पाउने व्यवस्था सुनिश्चित गरिएको छ ।
२६	विद्युत वितरण	• भेदभाव रहित सिद्धान्तको आधारमा सबै ग्राहकलाई सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलव्ध गराउने दायित्व तथा जिम्मेवारी वितरण अनुमतिपत्र प्राप्त संस्थाको हुने, • वितरण अनुमतिपत्र प्राप्त संस्थालाई विद्युत वितरणको कार्य प्रति जिम्मेवार र उत्तरदायी बनाउन त्यस्तो संस्थाको दायित्व तथा जिम्मेवारी तोकिएको छ ।
२७	ग्राहक सेवा सम्बन्धमा	• विद्युत वितरणको क्षेत्रमा समेत प्रतिस्पर्धा कायम गर्ने उद्देश्यले एउटै वितरण प्रणाली मार्फत एक भन्दा बढी सेवा प्रदायकले विद्युत सेवा उपलव्ध गराउन सक्ने, • ग्राहकहरुलाई सेवा प्रदायक छनौटको अवसर प्राप्त हुने भई विद्युत सेवा प्राप्त गर्ने एक भन्दा बढी विकल्प उपलव्ध हुने, • विद्युत वितरण प्रणालीको प्रयोग र शुल्क सम्बन्धी विषयहरुको सम्बन्धमा नियममा थप स्पष्ट र व्यवस्थित गरिनेछ ।
२८	विद्युत सेवा बन्द वा कटौती गर्न नहुने	• विद्युत सेवाको कटौतीले व्यक्तिको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षमा असर पर्ने पक्षलाई दृष्टिगत गरी विद्युत सेवा बन्द गर्न नहुने व्यवस्था गरिएको, • विद्युत सेवा बन्द गर्नाले घरायसी व्यवहारमा कठिनाई हुनुको साथै व्यवसाय सञ्चालनमा प्रतिकूल अवस्था उत्पन्न हुने पक्षहरुलाई पनि बिचार गरी केही अपबादको अवस्थामा बाहेक विद्युत सेवा बन्द गर्न नहुने व्यवस्था गरिएको छ।
२९	विद्युत व्यापार	• अर्थशास्त्रको दृष्टिकोणबाट अन्य बस्तु (कमोडिटि) विनिमय सरह माग र आपूर्तिको आधारमा विद्युतको व्यापार गर्न सकिने मान्यता र अवधारणाको विकास भएको छ । यही मान्यताको आधारमा अन्य देशमा विद्युत व्यापार

		सम्वन्धी प्रणालीको विकास भइसकेको सन्दर्भमा नेपालमा पनि विद्युत व्यापारलाई प्रवर्द्धन र सहज बनाउने उद्देश्यले आवश्यक व्यवस्था गरिएको छ, साथै • लामो वा छोटो अवधिका विभिन्न मोडालिटि जस्तैः विद्युत खरिद विक्री सम्झौता (लामो अवधिको लागि), एकदिन अगाडि वा सोही दिनको केही घण्टा अगाडि हुने बोलकबोल (डे अहेड वा टर्म अहेड वा इन्ट्रा डे अक्सन वा फिड इन-प्रिमियम) र अन्तर्देशीय विद्युत व्यापार गर्न सकिने र सोको लागि कानुनी र प्रणालीगत आधार तयार हुनेछन्।
३०	अन्तर्देशीय विद्युत ब्यापार	देहायका उद्देश्य हासिल गर्न अन्तर्देशीय व्यपार सम्बन्धी व्यवस्था राखिएको छः • बचत भएको विद्युत छिमेकी देशमा बिक्री गरी व्यापार घाटा न्यूनिकरण गर्न, • प्रतिस्पर्धाको आधारमा विद्युत खरिद गरी न्यून लागत र किफायती महसुल दरमा विद्युत आपूर्ति गरी विद्युतको पहुँच वृद्धि गर्न, • अन्तर्देशीय विद्युत व्यापारको लागि उच्च भोल्टेजका प्रसारण लाईन तयार हुने र त्यस्तो लाईन मार्फत विद्युत प्रसारण गरिदा प्रसारणको क्रममा हुने नोक्सानी (ट्रान्समिशन लस) लाई घटाउन, • छिमेकी देशको सीमा क्षेत्रबाट विद्युत आयात गरी न्युन लागतमा स्थानीय स्तरमा विद्युत वितरण गर्न, • मौसमि परिपूरण (सिजनल कम्लिमेन्टारिटी) को अवधारणा बमोजिम विद्युतको आयात निर्यात गरी विद्युतको माग र आपूर्तिको सहज र प्रभावकारी व्यवस्थापन गर्न ।
३१	रोयल्टी	• राष्ट्रिय स्रोतको उपयोग बापत राज्यलाई निश्चित रकम रोयल्टीको रुपमा सम्बन्धित प्रवर्द्धकले तिर्नु पर्ने सैद्धान्तिक मान्यताको आधारमा जलस्रोत, सौर्य लगायत अन्य राष्ट्रिय स्रोत साधनबाट विद्युत उत्पादन गरे बापत राज्यलाई रोयल्टी स्वरुप निश्चित प्रतिशतले हुने रकम बुझाउनु पर्नेछ । • यो दफामा तीन प्रकारको रोयल्टी प्रस्ताव गरिएको छः (क) जडित क्षमताको आधारमा, (ख) सरदर बिक्री मुल्य (किलोवाट घण्टा) को आधारमा, र (ग) विद्युत प्रसारण शुल्क बापत प्राप्त हुने आम्दानीको आधारमा। • रोयल्टीको प्रतिशत समय समयमा परिवर्तन पनि हुनसक्ने हुँदा त्यसको दर/ प्रतिशतलाई नियममा तोक्न प्रस्ताव गरिएको छ ।
३२	विद्युत महसुल नीति	• विद्युत महसुल दरलाई प्रतिस्पर्धात्मक, पारदर्शी र व्यावहारिक बनाउन नेपाल सरकारले समय समयमा विद्युत महसुल नीति तय गर्ने र • त्यस्तो नीतिको आधारमा विद्युत नियमन आयोगले विद्युत महसुल निर्धारण

		गर्नेछ।
३३	असुल गर्ने	• विद्युत सेवा उपयोग गरे बापतको महसुल, सेवा शुल्क, अतिरिक्त शुल्क तथा जरिबानाको रकम नबुझाउने ग्राहकबाट अनुमतिपत्र प्राप्त संस्थाले कानुन बमोजिम असुल गर्न सक्ने अधिकार दिइएको, र • महसुल नतिर्नेलाई कानूनले उन्मुक्ति दिदैन भन्ने मान्यताको आधारमा असुल गरी लिने सक्ने अधिकारलाई कानूनद्वारा सुनिश्चित गर्न ।
३४	गुणस्तर कायम गर्ने	• सबै ग्राहकलाई नियमित, भरपर्दो र सुरक्षित विद्युत आपूर्ति गर्न दुई वटा पक्षलाई समेटिएको छः (क) विद्युतको गुणस्तर कायम गर्ने, र (ख) विद्युत उत्पादन, प्रसारण, वितरण वा मर्मत सम्भारको लागि सुरक्षात्मक उपायका निश्चित प्रोटोकल अवलम्बन गर्ने • सुरक्षात्मक उपायहरुमा प्राविधिक विषय समाविष्ट हुने भएकोले विस्तृत रुपमा नियममा समावेश गरिने वा आवश्यकता अनुसार छुट्टै मापदण्ड तयार गरी लागू गरिनेछ ।
३५	संरचनाको सुरक्षा	• विद्युत संरचनाहरुको सुरक्षाको लागि आवश्यक पर्ने सुरक्षात्मक उपायहरुको आँकलन र व्यवस्थापन गर्ने पहिलो दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ, • अनुमतिपत्र प्राप्त संस्थाले गरेको सुरक्षा प्रबन्धले मात्र सुरक्षा सम्भव नहुने भएमा सरकारी स्तरबाट आवश्यक र उपयुक्त सुरक्षा उपलव्ध हुने सुनिश्चित गर्न, र • जिल्लास्तरीय सुरक्षा समिति मार्फत सुरक्षा चुनौतीको समिक्षा गर्ने र त्यसको आधारमा आवश्यक समन्वय र सहयोगको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय सुरक्षा संयन्त्र गठन हुनेछ।
३६	घर जग्गा प्राप्ति	• विद्युत आयोजनाको लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारले प्रचलित कानून बमोजिम प्राप्ति गरिदिने विषयलाई सुनिश्चित गरिएको, • जग्गाको उपलव्धता बिना आयोजनाको निर्माण सम्भव नहुने भएकोले जग्गा प्राप्तिको विषयलाई स्पष्ट गरिएको छ, • जग्गा प्राप्ति गर्दा लाग्ने खर्च तथा जग्गाको क्षतिपूर्ति दिने दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ, • आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ति र खरिदको लागि गरिने खर्च आयोजनाको लागतमा नै समावेश हुने प्रचलन रहेको हुँदा जग्गाको क्षतिपूर्ति प्रवर्द्धकको हुने व्यवस्था गरिएको छ ।
३७	पुनर्स्थापना तथा पुनर्वास सम्बन्धमा	• आयोजनाको लागि घर जग्गा गुमाउने व्यक्तिहरुको लागि दिईएको मुआब्जा रकमबाट ऊनीहरुको व्यवस्थापन हुन नसक्ने भएमा पुनर्स्थापना

		तथा पुनर्वास सम्बन्धी बन्दोबस्त मिलाउने दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ, र • यस्तो कार्यक्रम कार्यान्वयनको लागि आवश्यक सहयोग र समन्वय नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उपलव्ध गराउने विषय सुनिश्चित गरिएको छ ।
३८	अरुको घरमा प्रवेश गर्न सक्ने	• व्यक्तिको स्वतन्त्रता र सम्पति सम्बन्धी अधिकारको संरक्षण र सम्मान गर्न अरु ब्यक्तिको घर जग्गामा प्रवेश गर्न पूर्वसूचना दिनुपर्ने कानुनी व्यवस्था गरिएको छ, • व्यक्तिले सहमति नदिएको वा अवरोध गरेमा मात्र दुईजना स्थानीय व्यक्तिहरुको रोहबरमा त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ ।
३९	वातावरण संरक्षण गर्नुपर्ने	• नेपालको संविधानको धारा ५१ को खण्ड (छ) मा उल्लिखित प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीतिको कार्यान्वयनको लागि जलस्रोतबाट विद्युत उत्पादन गर्ने क्रममा निर्मित बाँधस्थल देखि नदीको तल्लो क्षेत्रको नदी प्रणालीको पर्यावरण तथा त्यसमा आश्रित जलचर संरक्षणको लागि पानीको न्यूनतम वहाव कायम राख्नुपर्ने विषयलाई सुनिश्चति गर्न, र • नेपालको संविधानको धारा ५१ को खण्ड (छ) को वुँदा नं (७) मा रहेको " प्राकृतिक वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव न्यूनिकरण गर्न उपयुक्त उपायहरु अवलम्बन गर्ने" नीतिको कार्यान्वयनको लागि कानुनी आधार तयार गर्न ।
४०	विद्युत आयोजनाको अध्ययन सम्बन्धी व्यवस्था	• विद्युत आयोजना (खासगरी उत्पादन आयोजना) को विकास तथा सञ्चालन प्रतिस्पर्धाबाट गरिने व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आयोजनाबाट प्राप्त हुने प्रक्षेपित लाभ, लागत र जोखिम समेत यकिन गरी प्रतिस्पर्धा गर्नुपर्ने हुँदा यी विषयहरुलाई समेत ध्यानमा राखी अध्ययन सम्वन्धी कार्यको जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था गरिएको छ। • यो मान्यता र अवधारणाको आधारमा स्रोतको अधिकतम उपयोगको लागि स्रोतको प्रयोगमा दोहोरोपन हुन नदिन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसँग समन्वय गर्नुपर्ने व्यवस्था समेत गरिएको छ।
४१	अध्ययन तथा अनुसन्धान	• विद्युत क्षेत्रसँग सम्बन्धित विषयमा नवीन प्रविधि, ज्ञान र सीपको खोज, प्रवर्तन र अन्वेषण खासगरी व्यावहारिक अनुसन्धानको माध्यमबाट यस क्षेत्रको विकासमा सहयोग पुग्नेछ, • विद्युत क्षेत्रको अध्ययन अनुसन्धानमा विश्वविद्यालय तथा अनुसन्धान

		केन्द्रहरुसँग सहकार्य गर्न सकिने हुँदा विद्युत आयोजना र विद्युत क्षेत्रको समग्र विकासमा नवीन ज्ञान, सीप, पद्धति र प्रविधिको विकास गर्न सहयोग पुग्ने र नेपालको विद्युत क्षेत्र खासगरी जलविद्युतको विकासमा योगदान पुग्नेछ।
४२	निर्देशक समिति	• विद्युत आयोजनको विकास तथा सञ्चालन सम्बन्धमा नीतिगत विषयमा मार्गनिर्देश गर्न तथा सम्वद्ध निकायहरुबीच आवश्यक समन्वय कायम गर्न, • विद्युत आयोजनाको विकास, निर्माण तथा सञ्चालनको क्रममा सम्बद्ध निकायहरुबाट गरिने निर्णय प्रक्रियमा सहयोग गर्न तथा समस्याहरुको समाधानमा भूमिका खेल्न, • संघीयताको आधारमा संघीय इकाइहरु बीचको अन्तरसम्बन्ध, आपसी समन्वय कायम गर्दै विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि तीनै तहका सरकार बीचको सम्बन्धलाई प्रभावकारी बनाउन एक निर्देशक समितिको व्यवस्था गरिएको छ।
४३	अनुगमन तथा निरीक्षण	• विद्युत आयोजनाको निर्माण तथा सञ्चालनलाई प्रभावकारी बनाउन, • स्थलगत भ्रमण गरी आयोजनाको निर्माण तथा सञ्चालनमा रहेका समस्याहरुको पहिचान गरी आवश्यक सहयोग र सहकार्य गर्न तथा त्यस्ता समस्याहरुलाई तत्काल सम्बोधन गर्न सहयोग पुऱ्याउन अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था राखिएको छ।
४४	कसूर	• ऐनको प्रभावकारी कार्यान्वयन र पालना गर्न गराउन तथा कानुनको उल्लङ्घन गर्नेलाई सजाय गर्ने प्रयोजनको लागि कसूरको व्यवस्था गरिएको छ ।
४५	सजाय	• दफा ४४ को खण्ड (ग) मा उल्लिखित सजायलाई गम्भीर प्रकृतिको कसूर मानी जरिबाना वा कैद वा दुवै सजाय र सो बाहेकका अन्य कसूरको लागि जरिबाना मात्र हुने व्यवस्था गरिएको छ, • कानूनमा रहेको दण्डात्मक शक्तिले त्यस्तो कानूनको पालना गर्न प्रोत्साहित गर्ने मान्यताका आधारमा कसूरको मात्राको आधारमा सजाय प्रस्ताव गरिएको छ । उदाहरणार्थः विधेयकको दफा ४४ को खण्ड (क) को कसूर गरेमा दश लाख देखि बीसलाख रुपैंयाँसम्म सजाय हुनेछ भने कानूनको पालना गर्ने वा कसूर नगर्नेलाई सजाय हुदैन । कानूनको पालना गर्ने व्यक्तिको व्यवहारलाई नै कानूनको पालनाबाट प्राप्त प्रोत्साहन(incentivizing behavior change through coercion or sanctions)[2] को रुपमा सजाय सम्बन्धी व्यवस्था रहेको छ, • अनुमतिपत्र प्राप्त नगरी विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धी

[2] The World Bank: World Development Report (Governance & the Law) 2017, P 48.

		र नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना नगरेमा त्यस्तो कसूर सम्बन्धी निर्णय छिटो र प्रभावकारी रुपमा हुन सकोस भनी सजाय गर्ने अधिकारी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सचिवलाई तोकिएको छ ।
४६	अनुसन्धान गर्ने अधिकारी	• विद्युतसँग सम्बन्धित कसूरको छानबिनको लागि यस क्षेत्रको प्राविधिक पक्षमा समेत जानकार हुन आवश्यक हुने भएकोले सो विषयलाई समेत ध्यानमा राखी अनुसन्धान गर्ने अधिकारी तोक्न उचित हुने भएकोले सोही बमोजिमको व्यवस्था राखिएको हो।
४७	नेपाल सरकार वादी हुने	• विद्युत आयोजनालाई क्षति तथा हानि नोक्सानी पुऱ्याउने सम्बन्धी कार्य गम्भीर प्रकृतिको फौज्दारी कसूर मानी त्यस्तो मुद्दाको वादी नेपाल सरकार हुने व्यवस्था गरिएको छ ।
४८	मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार	• विद्युत आयोजना तथा विद्युतको सञ्चालन सबै जिल्लामा रहेकोले भौगोलिक निकटताको सिद्धान्त तथा न्यायमा सहज र प्रभावकारी पहुँच बनाई राख्न दफा ४४ को खण्ड (ग) मा उल्लिखित कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतमा रहने व्यवस्था गरिएको, र • यस्तो मुद्दाको क्षेत्राधिकार जिल्ला अदालतमा रहने ब्यवस्थाको कारण न्याय सम्पादनको काम समेत छिटो र प्रभावकारी हुनेछ ।
४९	पुनरावेदन	• नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धन १९६६, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन तथा न्यायको सर्वमान्य सिद्धान्त अनुसर कुनै पनि न्यायिक निर्णय उपर चित्त नबुझ्ने पक्षले एक तह पुनरावेदन गर्न पाउने हक सुनिश्चित गरिएको, • न्याय प्रशासन ऐन, २०७३ बमोजिम यस ऐन बमोजिम शुरु निर्णय गर्ने अधिकारी र जिल्ला अदालतले गरेको निर्णय उपर प्रादेशिक क्षेत्राधिकार रहेको उच्च अदालतमा पुनरावेदन गर्न पाउने ब्यवस्था गरिएको छ ।
५०	प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने	• यस ऐन बमोजिम कसूर मानिने कार्य अन्य प्रचलित कानुन बमोजिम पनि कसूर मानिने अवस्थामा त्यस्तो ऐन बमोजिम पनि छानबिन गरी सजाय हुन सक्ने गरी फौजदारी (मुलुकी) संहिता, २०७४ मा रहेको व्यवस्थाको कार्यान्वयन सहज हुनेछ ।
५१	स्थानीय बासिन्दालाई प्राथमिकता दिनुपर्ने	• सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने भन्ने नेपालको संविधानको धारा ५१ (झ) मा रहेको श्रम तथा रोजगारी नीतिको कार्यान्वयन गर्दै लैजान, र • विद्युत आयोजनाको विकास तथा सञ्चालनमा स्थानीय बासिन्दाको

		स्वमित्वभाव स्थापित गर्न, विद्युत आयोजनाको कारण सृजना हुने रोजगारी तथा लाभको केही हिस्सा स्थानीय जनताको लागि पनि प्राप्त होस भन्ने उद्देश्यले स्थानीय बासिन्दालाई प्राथमिकता दिनुपर्ने व्यवस्था राखिएको छ ।
५२	विद्युत टावर, पोल तथा प्रणालीको प्रयोग	• विद्युत प्रसारण तथा वितरणको लागि निर्माण गरिएका टावर, पोल तथा भूमिगत प्रणालीहरु अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको सम्पति हुने भएकोले त्यस्ता संरचनाहरुको बहुउपयोग (दूरसञ्चार, इन्टरनेट) गर्न तथा शहरीक्षेत्रको सुन्दरता कायम राख्न सहयोग पुग्ने भएकोले आपसी सम्झौता गरी प्रयोग गर्न सकिने व्यवस्था गरिएको हो ।
५३	जग्गाको प्रयोग	• विद्युत आयोजनाको लागि प्राप्त गरिएको जग्गाको दुरुपयोग रोक्न अन्य कसैलाई हस्तान्तरण गर्न वा अन्य कार्यको लागि प्रयोग गर्न नपाईने व्यवस्था गरिएको छ । विद्युत आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ति वा खरिदमा हदबन्दी नलाग्ने ब्यवस्था गरिएको, • यो व्यवस्थाले विद्युत आयोजनाको लागि जग्गा प्राप्ति सम्बन्धमा रहेका समस्या समाधान गर्न सहयोग पुग्नेछ ।
५४	राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना	• राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्माणको लागि प्रचलित कानूनले विशेष सहुलियत तथा छुट दिएको र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्माणमा सबैको सहयोग प्राप्त गर्न र विद्युत आयोजनाको विकास तथा निर्माणको लागि सहज वातावरण बनाउन आवश्यक भएकोले विद्युत आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा राखिएको छ ।
५५	सम्झौता गरी विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्ने	• नेपाल सरकार र विदेशी सरकार वा दुवै सरकारले तोकेका सरकारी निकायहरु बीच आपसी सम्झौता गरी खास प्रकृतिका विद्युत आयोजनाको विकास गर्ने आधार तयार हुने र यो व्यवस्थाको कार्यान्वयनबाट विदेशी सरकार वा त्यस्तो सरकारले तोकेको संगठित संस्था अर्थात दुई सरकार बीच तय हुने प्रारुप (गभर्नमेन्ट टु गभर्नमेन्ट मोडलका) आधारमा नेपालको विद्युत आयोजनामा लगानी गर्न सक्ने सहज कानुनी आधार तयार हुनेछ । • साथै आयोजना विकाससँग सम्बन्धित महत्वपूर्ण चारवटा पक्षः ईन्जिनियरिङ्ग, खरिद, निर्माण र वित्तीय व्यवस्था सम्बन्धित प्रवर्द्धकले नै गरी आयोजनाको विकास निर्माण गर्न सकिने नवीन अवधारणालाई कानुनमा व्यवस्थित गरिएको छ र यो व्यवस्थाको कारण एउटै प्रवर्द्धकले आयोजना विकास गर्न सक्ने अवस्था तयार हुनेछ । • निश्चित आधारमा प्रतिस्पर्धा गरी सक्षम प्रवर्द्धकको छनौट गरी ईपिसिएफ मोडलमा विद्युत आयोजनको विकास गर्न सकिने कानुनी व्यवस्थाको

		अभावलाई यसले पूरा गर्नेछ ।
५६	राष्ट्रियकरण नगरिने	• लगानी तथा प्रतिफलको सुनिश्चत गर्न अनुमतिपत्रको अवधिभर विद्युत आयोजनाको राष्ट्रियकरण नगरिने विषयलाई ऐनद्वारा नै प्रत्याभूत गर्न आवश्यक भएको, र • व्यापक सार्वजनिक हित र जलस्रोतको अधिकतम उपयोग हुने गरी बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको विकास र सञ्चालन गरिने अवस्थामा प्रस्तावित आयोजना स्थलमा अन्य विद्युत आयोजना रहेको भए उचित क्षतिपूर्ति दिई त्यस्तो आयोजना प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । यसले जलस्रोतको अधिकतम उपयोग गर्न सहयोग पुग्नेछ ।
५७	नेपाल सरकारले व्यवस्थापन नियन्त्रणमा लिन सक्ने	• लगानीकर्ताहरुको लगानीको सुरक्षा गर्न र विद्युतको नियमित उत्पादन, प्रसारण तथा वितरणको कार्य प्रभावित हुन नदिन निश्चित समयको लागि विद्युत आयोजनाको व्यवस्था नेपाल सरकारले नियन्त्रणमा लिन सक्ने र त्यस्तो आयोजनको ब्यवस्थापनमा रहेका समस्याहरुको समाधान पश्चात् उक्त आयोजना पुनः सम्बन्धित पक्षलाई नै फिर्ता गरिनेछ।
५८	ऊर्जा दक्ष उपकरणको प्रयोग	• विद्युतको उत्पादन, प्रसारण, वितरण तथा ग्राहक सेवा सम्बन्धी कार्य गर्दा ऊर्जा दक्षता सम्बन्धी उपाय तथा ऊर्जा दक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक भएकोले ऊर्जा दक्षता सम्बन्धी व्यवस्था राखिएको छ ।
५९	आदेश तथा निर्देशन दिन सक्ने	• खास विशेष अवस्था परी कुनै क्षेत्रमा तत्काल विद्युत सेवा पुऱ्याउन आवश्यक भएमा वा विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवा सञ्चालनलाई नियमित र व्यवस्थित गर्ने प्रयोजनको लागि कुनै आदेश वा निर्देशन दिनुपर्ने अवस्था सिर्जना भएमा नेपाल सरकारले अनुमतिपत्र प्राप्त संस्थालाई आवश्यक र उपयुक्त आदेश वा निर्देशन दिन सक्ने अधिकार नेपाल सरकारमा रहन आवश्यक भएकोले यस्तो व्यवस्था राखिएको छ ।
६०	बाधा अड्काउ फुकाउन सक्ने	• यस ऐनमा रहेको कुनै व्यवस्था अस्पष्ट भई कार्यान्वयनमा द्विविधा वा समस्या परेमा बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गरी त्यस्तो द्विविधा वा समस्याको समाधान खोज्न सहज हुने भएकोले यो अधिकार नेपाल सरकारमा रहने, र • बाधा अडकाउ फुकाउने निर्णय गरेमा सर्वसाधारण सबैको जानकारीको लागि त्यस्तो निर्णयलाई नेपाल राजपत्रमा प्रकाशन गरी कानुनी हैसियत प्रदान गरिनेछ ।
६१	अधिकार प्रत्यायोजन	• यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने काम कारबाही छिटो र प्रभावकारी रुपमा सम्पादन गर्न र निर्णय लिने तहलाई घटाउन अधिकार

		प्रत्यायोजनको व्यवस्था राखिएको छ । यही मान्यताको आधारमा मन्त्रालयको सचिवले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने प्रावधान राखिएको छ ।
६२	यसै ऐन बमोजिम हुने	• विद्युत ऐन यो क्षेत्रको छाता ऐन भएकोले विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको सम्बन्धमा अनुमतिपत्र प्रदान गर्ने, प्रतिस्पर्धा गर्ने, आयोजना हस्तान्तरण गर्ने, अनुमतिपत्र खारेज गर्ने, सजाय गर्ने, अनुगमन तथा निरीक्षण गर्ने लगायतका विषयहरु यसै ऐन बमोजिम नै हुने हुँदा विद्युत आयोजनाको विकास तथा सञ्चालन तथा अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न ।
६३	नियम बनाउने अधिकार	• प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त अनुसार निश्चित सीमा र दायरा अन्तर्गत रही नियम बनाउने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने प्रचलन र अभ्यास रहेकोले सोही बमोजिम यो ऐन अन्तर्गत नियम बनाउने अधिकार नेपाल सरकारमा रहने व्यवस्था गरिएको छ।
६४	निर्देशिका तथा मापदण्ड लागू गर्नसक्ने	• ऐन र नियमको अधीन रही प्राविधिक तथा कार्यविधि सम्बन्धी विषयहरुलाई समावेश गरी निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न आवश्यक हुने भएकोले त्यस्तो अधिकार प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त अनुसार मन्त्रालयमा रहनेछ ।
६५	खारेजी र बचाउ	• विद्युत ऐन, २०४९ लाई विस्थापन गरी विद्युत ऐन, २०७७ लागू हुने भएकोले यस अघि कार्यान्वयनमा रहेको ऐन खारेज गर्न आवश्यक भएकोले खारेजीको दफा राखिएको छ, • विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ को खण्ड (च) र दफा १४ को खण्ड (ञ) को व्यवस्थालाई यो ऐनमा राख्न आवश्यक भएकोले ति प्रावधानलाई उक्त ऐनबाट खारेज गरिएको छ, • विद्युत ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाहीको बचाउ गरी आवश्यकता अनुसार निरन्तरता दिनुपर्ने भएकोले बचाउको व्यवस्थाबाट सम्बोधन गरिएको छ ।

सन्दर्भ सामग्री

- कानून किताब व्यवस्था समिति : नेपालको संविधान
- कानून किताब व्यवस्था समिति : नेपाल कानुन व्याख्या सम्बन्धी ऐन, २०१०
- कानून किताब व्यवस्था समिति : न्याय प्रसाशन ऐन, २०७३
- कानून किताब व्यवस्था समिति : फौजदारी (मुलुकी) संहिता, २०७४
- कानून किताब व्यवस्था समिति : विद्युत नियमन आयोग ऐन, २०७४
- विश्व बैङ्कः विश्व विकास प्रतिवेदन २०१७ (शासन तथा कानून) : https://www.worldbank.org/en/publication/wdr2017.
- संघीय संसद सचिवालय : प्रतिनिधि सभा नियमावली, २०७४
- संघीय संसद सचिवालय : राष्ट्रिय सभा नियमावली, २०७४
- संयुक्त राष्ट्र संघ : नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धन,१९६६: https://treaties.un.org.
- संयुक्त राष्ट्र संघः दिगो विकास सम्बन्धी लक्ष्य : https://www.un.org/sustainabledevelopment/energy.
- No. 00–160. Brazos Electric Power Cooperative, Inc., Petitioner Federal Energy Regulatory Commission, et al. Petition for writ of certiorari to the United States Court of Appeals for the Fifth Circuit denied: https://www.supremecourt.gov/opinions/15pdf/14-840-%20new_o75q.pdf.
- The World Bank: Investment Law Reform (A Handbook for Practitioners) June 2010: https://openknowledge.worldbank.org/handle/10986/25206.
- --------- Legal and Judicial Reform Unit, Legal Department, World Bank, Initiatives in Legal and Judicial Reform (Washington, DC: World Bank, 2005),volume 2: https://openknowledge.worldbank.org/handle/10986/6899.

विद्युत सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावनाः विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारको विकास तथा प्रबर्द्धन गरी स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत आपूर्ति गर्नका लागि विद्युत सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले;

संघीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विद्युत ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,-

(क) "अनुमतिपत्र" भन्नाले विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार, ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने बाँधको विकास तथा सञ्चालनका लागि प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेको संगठित संस्था, निकाय वा कम्पनी सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र प्रदान गर्ने अधिकारी" भन्नाले दफा ११ बमोजिम अनुमतिपत्र प्रदान गर्ने अधिकारी सम्झनु पर्छ ।

(घ) "आयोग" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिमको विद्युत नियमन आयोग सम्झनु पर्छ ।

(ङ) "उत्पादन" भन्नाले विद्युत उत्पादन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा सम्भारको कार्यलाई समेत जनाउँछ ।

(च) "खुला पहुँच" भन्नाले विद्युत उत्पादन, व्यापार वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त संस्थाले राष्ट्रिय प्रसारण ग्रिड, प्रसारण लाईन, वितरण प्रणाली र सोसँग सम्बन्धित संरचना तथा सुविधाको बिना भेदभाव प्रयोग गर्न पाउने अवस्था सम्झनु पर्छ ।

(छ) "ग्रामीण विद्युतीकरण" भन्नाले तेत्तीस किलोभोल्ट वा सोभन्दा कम भोल्टेज स्तरका वितरण लाईन तथा सवस्टेशन लगायत आवश्यक पूर्वाधारहरुको निर्माण गरी राष्ट्रिय प्रसारण ग्रिड वा छुट्टै प्रणाली मार्फत ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युत सेवा उपलव्ध गराउने कार्य सम्झनु पर्छ ।

(ज) "ग्राहक" भन्नाले वितरण वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत लाईन र मिटर समेत जडान गरी विद्युत सेवा लिने व्यक्ति, निकाय वा संस्था सम्झनु पर्छ ।

(झ) "ग्राहक सेवा" भन्नाले ग्राहकको माग बमोजिम निजको घर, भवन वा परिसरमा विद्युत सेवा आपूर्ति गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "ग्रिड" भन्नाले प्रसारण लाईन, सबस्टेशन तथा उत्पादन केन्द्रहरु एक आपसमा अन्तर सम्बन्धित भएको उच्च भोल्टेजयुक्त विद्युत सञ्जाल सम्झनु पर्छ ।

(ट) "जलविद्युत" भन्नाले जलस्रोतबाट उत्पादित विद्युत शक्ति सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "प्रसारण" भन्नाले वितरण प्रणाली बाहेक कुनै एक विद्युत उत्पादन केन्द्रबाट अर्को विद्युत उत्पादन केन्द्र वा सवस्टेशनसम्म वा कुनै एक सवस्टेशनबाट अर्को सवस्टेशनसम्म उच्च क्षमतायुक्त तारको माध्यमबाट विद्युत शक्ति प्रवाह गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ढ) "प्रसारण वा वितरण शुल्क (ह्विलिङ्ग चार्ज)" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड वा विद्युत प्रसारण वा वितरण लाईन प्रयोग गरे वापत तिर्नु बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(ण) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ ।

(त) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरे वापत ग्राहकले विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्ने विद्युत महसुल तथा आयोगले तोकेको अन्य कुनै शुल्क सम्झनु पर्छ।

(थ) "राष्ट्रिय प्रसारण ग्रिड" भन्नाले दफा २१ बमोजिमको राष्ट्रिय प्रसारण ग्रिड सम्झनु पर्छ ।

(द) "वितरण" भन्नाले प्रसारण लाईन वा सवस्टेशनबाट ग्राहकलाई विद्युत सेवा उपलव्ध गराउने कार्य सम्झनु पर्छ ।

(ध) "वितरण प्रणाली" भन्नाले ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको विद्युत वितरण सञ्जाल वा संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्तो सञ्जाल वा संरचनामा जडित मेशिनरी तथा उपकरणलाई समेत जनाउँछ ।

(न) "विद्युत" भन्नाले जलस्रोत, खनिज तेल, कोइला, ग्यास, सौर्य, वायु, आणविक, भूतापीय, जैविक पदार्थ, गुरुत्व बल वा अन्य कुनै स्रोतबाट उत्पादन गरिएको विद्युत ऊर्जा सम्झनु पर्छ ।

(प) "विद्युत आयोजना" भन्नाले विद्युतको उत्पादन, प्रसारण, वितरण, व्यापार, ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने बाँधको संरचना निर्माण, सञ्चालन, पुनर्निर्माण वा विस्तारसँग सम्बन्धित आयोजना सम्झनु पर्छ ।

(फ) "विद्युत मार्गको अधिकार (राईट अफ वे)" भन्नाले विद्युत प्रसारण तथा वितरणको लागि जमिनमुनि वा जमिन माथिबाट आवश्यक विद्युतीय तार तान्न र त्यस्तो तार यथावत कायम राख्न भोल्टेज अनुसार आवश्यक पर्ने न्यूनतम दूरी सहितको क्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तो विद्युतीय तारको निरीक्षण, मर्मत सम्भार, हेरफेर, परिवर्तन वा सुरक्षाको लागि त्यस्तो जमिनमा प्रवेश गर्न पाउने अधिकारलाई समेत जनाउँछ ।

(ब) "विद्युत व्यापार" भन्नाले विद्युत खरिद विक्री गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विद्युतको अन्तरदेशीय निर्यात वा आयात गर्ने कार्यलाई समेत जनाउँछ ।

(भ) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

(म) "संरचना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका बाँध, जलाशय, जलमार्ग, प्रवेश मार्ग, सुरुङ्ग, विद्युत गृह वा केन्द्र, सवस्टेशन, प्रसारण लाइन वा वितरण लाईन सम्झनु पर्छ र सो शब्दले त्यस्ता संरचनाले चर्चेको जग्गा र त्यसमा जडित मेशिनरी र उपकरणलाई समेत जनाउँछ ।

(य) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

परिच्छेद-२

विद्युत आयोजनाको विकास तथा सञ्चालन र विद्युतमा पहुँच सम्बन्धी व्यवस्था

३. आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकारः (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई यस ऐनको अधीनमा रही देहायको विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार हुनेछः-

(क) तीन मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन आयोजनाको हकमा सम्बन्धित स्थानीय तह,

(ख) तीन मेगावाटभन्दा बढी बीस मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन आयोजनाको हकमा सम्बन्धित प्रदेश सरकार,

(ग) बीस मेगावाटभन्दा बढी जडित क्षमताको विद्युत उत्पादन आयोजनाको हकमा नेपाल सरकार ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतमा पहुँच विस्तारको लागि नेपाल सरकारले जतिसुकै जडित क्षमताको विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछ ।

४. विद्युतमा पहुँचः नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयमा स्वच्छ, गुणस्तरीय, सुरक्षित, नियमित र भरपर्दो विद्युतमा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुने गरी विद्युतको विकास गर्नेछ।

५. ग्रामीण विद्युतीकरण : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको एकल वा सामूहिक प्रयास र सहभागितामा ग्रामीण विद्युतीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम ग्रामीण विद्युतीकरणको लागि स्थानीयस्तरमा विद्युत उत्पादन गरी वितरण गर्न वा ससाना विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सकिनेछ।

(३) नेपाल सरकारले ग्रामीण विद्युतीकरणको लागि प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) ग्रामीण विद्युतीकरणको लागि प्रदेश सरकार तथा स्थानीय तहले विद्युत रोयल्टी वापत प्राप्त रकम समेत उपयोग गर्न सक्नेछ।

(५) ग्रामीण विद्युतीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-३

प्रतिस्पर्धा सम्बन्धी व्यवस्था

६. <u>प्रतिस्पर्धा गर्नुपर्ने</u>ः (१) यो ऐन प्रारम्भ भएपछि विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्युत आयोजना प्रतिस्पर्धा नगराई विकास तथा सञ्चालन गर्न सकिनेछः-

(क) यो ऐन प्रारम्भ हुनु अघि सर्वेक्षण अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो अनुमतिपत्रको अवधिभित्रै उत्पादन अनुमतिपत्रको लागि यस ऐन बमोजिम निवेदन दिएको विद्युत आयोजना,

तर सर्वेक्षण अनुमतिपत्रको अवधिभित्र यस ऐन बमोजिम उत्पादन अनुमतिपत्रको लागि निवेदन दिई अनुमतिपत्र प्राप्त हुन नसकेमा त्यस्तो आयोजना उपदफा (१) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विकास तथा सञ्चालन गरिनेछ ।

(ख) नेपाल सरकार वा नेपाल सरकारको निकायको एकाउन्न प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएको संस्था, निकाय वा संगठित संस्थाले विकास तथा सञ्चालन गर्ने भनी पहिचान भएको विद्युत आयोजना,

(ग) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले एकल वा संयुक्त लगानीमा विकास तथा सञ्चालन गर्ने विद्युत आयोजना,

(घ) दफा ५५ बमोजिम विकास तथा सञ्चालन गरिने विद्युत आयोजना ।

७. <u>प्रस्ताव आह्वान गर्नुपर्ने</u>ः (१) दफा ६ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्न देहायका विषयहरु उल्लेख गरी सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्नु पर्नेछ :-

(क) प्रतिस्पर्धाका आधार,

(ख) आवश्यक पर्ने पूँजी,

(ग) प्राविधिक तथा व्यावसायिक क्षमता,

(घ) अनुभव र योग्यता,

(ङ) तोकिए बमोजिमका अन्य विषय ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना बमोजिम विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्न इच्छुक संस्थाले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो प्रस्ताव पेश गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम प्रस्ताव आह्वान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. प्रस्तावको छनौट तथा सम्झौता: (१) दफा ७ बमोजिम प्राप्त प्रस्ताव मूल्याङ्कन गरी योग्य प्रस्तावक छनौट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएको प्रस्तावकसँग आयोजना सम्झौता सम्पन्न गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम प्रस्ताव छनौट तथा सम्झौता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४
अनुमतिपत्र सम्बन्धी व्यवस्था

९. अनुमतिपत्र लिनुपर्नेः (१) यस ऐन बमोजिम अनुमतिपत्र नलिई विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्नु हुदैन।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह आफैले विद्युत आयोजना विकास तथा सञ्चालन गर्दा अनुमतिपत्र आवश्यक पर्ने छैन ।

(२) विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको लागि कुनै संस्था वा दफा ८ बमोजिम सम्झौता भएको संस्थाले अनुमतिपत्र लिन चाहेमा अनुमतिपत्र प्रदान गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन गर्न आवश्यक पर्ने पूँजी, प्राविधिक तथा व्यावसायिक क्षमता, अनुभव, निवेदनको ढाँचा, अनुमतिपत्र दस्तुर, आवश्यक कागजात, विवरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. अनुमतिपत्र दिनुपर्ने : (१) दफा ९ बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागजात तथा विवरण उपर आवश्यक जाँचबुझ गर्दा अनुमतिपत्र दिन मनासिब देखिएमा अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्रमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने शर्त समेत तोक्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा त्यस्तो निवेदन बमोजिम अनुमतिपत्र प्रदान गर्न नसकिने भएमा सोको आधार र कारण खोली सो सम्बन्धी निर्णयको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम अनुमतिपत्र प्रदान गर्ने अवधि, सोको ढाँचा तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. अनुमतिपत्र प्रदान गर्ने अधिकार : (१) विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि अनुमतिपत्र प्रदान गर्ने अधिकार देहाय बमोजिम हुनेछः-

(क) तीन मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन आयोजनाको लागि सम्बन्धित स्थानीय तह,

(ख) तीन मेगावाटभन्दा बढी बीस मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन आयोजनाको लागि सम्बन्धित प्रदेश सरकार,

(ग) तीन मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन गर्ने नदी वा खोला दुई वा सो भन्दा बढी स्थानीय तहको सीमानामा पर्ने नदी वा खोला भएमा सम्बन्धित प्रदेश सरकार,

(घ) तीन मेगावाटभन्दा बढी बीस मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन गर्ने नदी वा खोला दुई वा सो भन्दा बढी प्रदेशको सीमानामा पर्ने नदी वा खोला भएमा मन्त्रालयको सचिव,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिए देखि बाहेकका विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको लागि मन्त्रालयको सचिव ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र दोहोरो पर्ने गरी विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिने छैन ।

तर प्राविधिक दृष्टिकोणबाट विद्युत उत्पादनमा असर नपर्ने भएमा आयोजना क्षेत्रको केही भाग दोहोरो पर्ने भए पनि अनुमतिपत्र प्रदान गर्न बाधा पर्ने छैन ।

(३) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो अधिकार बमोजिम उत्पादन अनुमतिपत्र प्रदान गर्नु अघि विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र दोहोरो नपर्ने कुरा सुनिश्चित गर्न मन्त्रालयसँग आवश्यक समन्वय र परामर्श गर्नु पर्नेछ ।

(४) अनुमतिपत्र दिने सम्बन्धी अन्य व्यवस्था उपदफा (१) को खण्ड (क) को हकमा स्थानीय तहको कानून र खण्ड (ख) र (ग) को हकमा प्रदेश कानून बमोजिम हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहको कानून नबनेसम्मका लागि मन्त्रालयले यस दफा बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

१२. बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजना सम्बन्धी विशेष व्यवस्था : (१) बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको बाँध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन गर्न अलग अलग संस्थालाई तोकिए बमोजिम अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा त्यस्ता संस्थाको सहमतिमा एकै साथ अनुमतिपत्र प्रदान गरिने छ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्नु अघि बहुउद्धेश्यीय वा जलाशययुक्त आयोजनाको बाध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन गर्ने संस्थाले आफूहरु वीचमा आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा भएको सम्झौता पेश गर्नु पर्नेछ।

(४) कुनै नदी बेसिनको माथिल्लो भागमा जलाशययुक्त आयोजनाको निर्माणको कारणले तल्लो भागमा अवस्थित जलविद्युत आयोजनाको लागि थप पानी उपलब्धताको आधारमा सिर्जना हुने अतिरिक्त लाभ नेपाल सरकार र अनुमतिपत्र प्राप्त संस्था बीच तोकिए बमोजिम बाँडफाँट गर्नु पर्नेछ।

१३. एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र नदिइने : (१) विद्युत आयोजना विकास तथा सञ्चालनको लागि एउटै संस्थालाई एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र प्रदान गरिने छैन।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "कार्य" भन्नाले विद्युत उत्पादन, प्रशारण वा वितरण सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा एउटै संस्थालाई आवश्यकता र औचित्यको आधारमा एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र दिन सकिनेछः-

(क) राष्ट्रिय प्रसारण ग्रिड नपुगेको क्षेत्रमा विद्युत उत्पादन गरी त्यस्तो क्षेत्रमा विद्युतको बिक्री वा वितरण गर्ने भएमा,

(ख) राष्ट्रिय प्रसारण ग्रिड पुगेको भए तापनि त्यस्तो ग्रिड मार्फत विद्युत आपूर्ति गर्न भारवहन क्षमता तथा अन्य प्राविधिक कारणले संभव नभएमा,

(ग) अनुमतिपत्र प्राप्त संस्था आफैले उत्पादन गरेको विद्युत प्रसारण गर्ने प्रयोजनको लागि प्रसारण अनुमति प्रदान गर्नुपर्ने भएमा ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै एउटै संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरण समेतको कार्य गरिरहेको भए तोकिएको अवधिभित्र त्यस्तो संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि अलग अलग संस्था गठन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अलग अलग संस्था गठन नभएसम्म एउटै संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको कार्य गर्न सक्नेछ ।

१४. अनुमतिपत्रको अवधि : (१) यस ऐन बमोजिम दिइने अनुमतिपत्रको अवधि देहाय बमोजिम हुनेछः-

(क) जलस्रोतबाट विद्युत उत्पादन गर्न जलाशययुक्त आयोजनाको हकमा बढीमा पचास बर्ष र अन्य प्रकृतिका आयोजनाको हकमा बढीमा चालीस बर्ष,

(ख) जलस्रोत बाहेक अन्य स्रोतबाट विद्युत उत्पादन गर्न बढीमा पच्चीस वर्ष,

(ग) विद्युत प्रसारण, वितरण तथा व्यापार सेवाको लागि बढीमा पच्चीस वर्ष,

(घ) ग्राहक सेवाको लागि बढीमा पाँच बर्ष ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको काबु बाहिरको परिस्थिति सिर्जना भई विद्युत आयोजनाको विकास तथा सञ्चालनमा बाधा अवरोध उत्पन्न भएमा त्यस्तो आयोजनाको विकास तथा सञ्चालनको अवधि तथा लाभ लागतलाई समेत बिचार गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले दफा १३ को उपदफा (२) बमोजिम प्रसारण तथा वितरण अनुमतिपत्र समेत प्राप्त गर्ने भएमा त्यस्तो प्रसारण तथा वितरण अनुमतिपत्रको अवधिलाई उत्पादन अनुमतिपत्रको अवधिसम्म कायम गर्न सकिनेछ ।

१५. अनुमतिपत्रको नवीकरणः (१) विद्युत प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको अनुमतिपत्र नवीकरण हुन सक्नेछ ।

तर उत्पादन अनुमतिपत्र नवीकरण हुने छैन ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कसैले पाँच बर्षभन्दा कम अवधिको लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेको भए कार्य प्रगतिको आधारमा बाँकी अवधिको लागि त्यस्तो अनुमतिपत्र नवीकरण हुन सक्नेछ ।

(३) अनुमतिपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. अनुमतिपत्रको खारेजी : (१) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा अनुमतिपत्रमा उल्लिखित अवधिभित्र विद्युत आयोजना सम्पन्न नगरेमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको अवस्थामा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले जुनसुकै बखत अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून बमोजिम सम्पन्न गर्नुपर्ने कार्य समयमा सम्पन्न नगरेमा,

(ख) अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा,

(ग) अनुमतिपत्र प्राप्त संस्थाको आर्थिक हैसियत वा अवस्था नाजुक भई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कार्य पूर्ण र प्रभावकारी रुपमा सम्पन्न गर्न नसक्ने विश्वस्त आधार र प्रमाण भएमा, वा

(घ) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र त्यस्तो आदेशको पालना नगरेमा।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सफाई समेतलाई विचार गरी अनुमतिपत्र खारेज गर्नुपर्ने स्पष्ट र बस्तुनिष्ठ आधार देखिएमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्र खारेज गरिएमा त्यसरी खारेज गर्नु पर्नाको आधार र कारण समेत खुलाई सोको लिखित जानकारी सम्बन्धित पक्षलाई दिनुपर्नेछ ।

१७. स्वामित्व हस्तान्तरण : (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएपछि देहाय बमोजिमको संरचना चालू अवस्थामा नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायलाई निःशुल्क हस्तान्तरण गर्नुपर्नेछः-

(क) जलविद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरु,

(ख) विद्युत प्रसारण लाईन, वितरण प्रणाली र सोसँग सम्बन्धित संरचनाहरु ।

तर नेपाल सरकारको पूर्ण स्वामित्व भएको संङ्गठित संस्था वा निकायले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेको जलविद्युत उत्पादन केन्द्र, प्रसारण लाईन तथा वितरण प्रणाली हस्तान्तरण गर्नुपर्ने छैन।

(२) उपदफा (१) बमोजिम विद्युत आयोजना तथा संरचना हस्तान्तरण गर्नु भन्दा कम्तीमा एक वर्ष अगावै हस्तान्तरण योजना बनाई सम्बन्धित निकायका कर्मचारीलाई त्यस्तो विद्युत आयोजना र संरचनाको सञ्चालन तथा मर्मत सम्भारमा संलग्न गराई आवश्यक सीप र प्रविधि समेत हस्तान्तरण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायको स्वामित्वमा आएको जलविद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाईन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन नेपाल सरकार आफैले गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिस्पर्धाको माध्यमबाट कुनै संगठित संस्था छनौट गरी त्यस्तो संस्थाबाट जलविद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाईन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन गराउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम संस्था छनौट हुन नसकेमा पूर्व अनुमतिपत्र प्राप्त संस्थासँग लाभ, लागत तथा सञ्चालन खर्चको आधारमा सम्झौता गरी सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ ।

(६) जलविद्युत उत्पादन केन्द्र बाहेक अन्य विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरुको तोकिए बमोजिम व्यवस्थापन गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(७) यस दफा बमोजिम जलविद्युत उत्पादन केन्द्र, प्रसारण लाईन तथा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-५

विद्युत उत्पादन सम्बन्धी व्यवस्था

१८. क्याप्टिभ तथा सहउत्पादन : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि क्याप्टिभ उत्पादन तथा सहउत्पादनको लागि अनुमतिपत्र लिनु पर्ने छैन।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि,-

(क) "क्याप्टिभ उत्पादन" भन्नाले कुनै संस्था, उद्योग, फर्म वा कम्पनीले आफ्नो प्रयोजनको लागि वा आफूले उत्पादन गरेको विद्युतको कम्तीमा एकाउन्न प्रतिशत आफैले उपयोग गर्ने गरी निर्माण गरेको विद्युत उत्पादन सम्झनु पर्छ ।

(ख) "सहउत्पादन" भन्नाले एउटै उत्पादन प्रणालीबाट तापीय र विद्युत शक्ति उत्पादन गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(२) क्याप्टिभ उत्पादन तथा सहउत्पादन भएको विद्युत आन्तरिक उपयोग गरी बचत हुने भएमा त्यस्तो सहउत्पादन वा क्याप्टिभ उत्पादनको हिस्सा त्यस्तो सँस्था, उद्योग, फर्म वा कम्पनीले वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई बिक्री गर्न सक्नेछ ।

१९. उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी तथा दायित्व : (१) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा अनुमतिपत्रमा उल्लिखित शर्तको अधीनमा रही विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी तथा दायित्व उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले जलस्रोतबाट विद्युत उत्पादन गर्ने भएमा बाँध लगायतका महत्वपूर्ण संरचनाहरु उपयुक्त स्थानमा रहने र जलस्रोतको अधिकतम उपयोग हुने कुराको सुनिश्चित गर्नु पर्नेछ।

(३) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले बाँधको डिजाईन तथा सुरक्षा सम्बन्धी स्वीकृत मापदण्ड पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(४) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले देहाय बमोजिमको काम गर्नुपर्नेछः-

(क) आफूले विकास तथा सञ्चालन गरेको विद्युत आयोजना र सोसँग सम्बन्धित संरचनाको प्राविधिक विवरण तथा जानकारी अनुमतिपत्र प्रदान गर्ने निकाय र आयोगलाई दिने,

(ख) जलविद्युत उत्पादनको लागि अनुमति प्राप्त क्षेत्रमा उपलब्ध पानी र सोको प्रयोग सम्बन्धी तथ्याङ्क राख्ने र सोको जानकारी समय समयमा सम्बन्धित निकायलाई उपलब्ध गराउने,

(ग) राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईन सञ्चालन गर्ने निकायसँग आवश्यक समन्वय कायम गर्ने,

(घ) राष्ट्रिय भार संम्प्रेषण केन्द्रसँग आवश्यक समन्वय र परामर्श गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ङ) विद्युत उत्पादन केन्द्र तथा सोसँग सम्बन्धित संरचनाहरुको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धमा आयोगले निर्धारण गरेको मापदण्ड तथा दिएको निर्देशन पालना गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२०. विद्युत प्रवाहको स्वीकृति : (१) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत प्रवाह गर्न स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत प्रवाहको स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-६

राष्ट्रिय प्रसारण ग्रिड तथा भार सम्प्रेषण सम्बन्धी व्यवस्था

२१. राष्ट्रिय प्रसारण ग्रिड : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै विद्युत प्रसारण लाइन वा ग्रिडलाई राष्ट्रिय प्रसारण ग्रिडको रुपमा तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापनको कार्य नेपाल सरकारले तोकेको निकायले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको राष्ट्रिय प्रसारण ग्रिडको सञ्चालन तथा व्यवस्थापन र प्रयोग गर्ने सम्बन्धी शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२२. राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायको काम, कर्तब्य र अधिकारः (१) राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्युत प्रसारण लाईन वा प्रणालीको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्ने,

(ख) विद्युत प्रसारण गुरुयोजनाको कार्यान्वयन गर्ने,

(ग) देशभरका विभिन्न विद्युत उत्पादन केन्द्रहरुबाट उत्पादित विद्युतको सहज प्रवाहको लागि प्रभावकारी र संयोजनात्मक व्यवस्था गर्ने,

(घ) ऊर्जा दक्ष प्रसारण लाईनको व्यवस्था गर्ने,

(ङ) राष्ट्रिय प्रसारण ग्रिडबाट प्रवाह वा आपूर्ति भएको विद्युतको अभिलेख राख्ने,

(च) ग्रिड कोड तथा ग्रिड मापदण्डको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने,

(छ) विद्युत प्रसारण प्रणालीको सुपरीवेक्षण तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(ज) प्रसारण शुल्क (ह्विलिङ्ग चार्ज) लिई अनुमतिपत्र प्राप्त संस्थालाई राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईनमा खुँला पहुँच प्रदान गर्ने ।

(२) राष्ट्रिय प्रसारण ग्रिड सञ्चालन गर्ने निकायले विद्युत प्रसारण लाईन तथा ग्रिडको सञ्चालन तथा मर्मत सम्भार गर्दा तोकिए बमोजिम प्राविधिक मापदण्ड तथा ग्रिड कोडको पालना गर्नु पर्नेछ ।

२३. राष्ट्रिय प्रसारण ग्रिडमा पहुँच : (१) अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिड वा प्रसारण लाईन मार्फत नेपालभित्र वा बाहिर प्रसारण गर्न सक्नेछ।

(२) राष्ट्रिय प्रसारण ग्रिडमा पहुँचको लागि दफा २१ को उपदफा (२) बमोजिमको निकाय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा दफा २१ को उपदफा (२) बमोजिमको निकायले राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईनमा पहुँचको स्वीकृति दिनु पर्नेछ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रिड वा प्रसारण लाईन मार्फत प्रवाह गरेमा आयोगले निर्धारण गरे बमोजिमको प्रसारण शुल्क (ह्विलिङ्ग चार्ज) तथा अन्य दस्तुर बुझाउनु पर्नेछ।

(५) कुनै अनुमतिपत्र प्राप्त संस्थाले निर्माण वा सञ्चालन गरेको प्रसारण लाईनमा अन्य कुनै संस्थाले विद्युत प्रसारण गर्न चाहेमा आवश्यक प्रसारण शुल्क तिरी विद्युत प्रसारण गर्न सक्नेछ ।

(६) राष्ट्रिय प्रसारण ग्रिड तथा प्रसारण लाईनमा पहुँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. राष्ट्रिय भार सम्प्रेषण केन्द्र : (१) नेपाल सरकारले विद्युत उत्पादन केन्द्र, प्रसारण लाईन तथा वितरण केन्द्रहरुबीच विद्युत व्यवस्थापन तथा सम्प्रेषण गर्न राष्ट्रिय भार सम्प्रेषण केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय भार सम्प्रेषण केन्द्रको काम देहाय बमोजिम हुनेछः-

(क) विद्युतको भार सम्प्रेषण तथा तालिकावद्ध (शेड्युलिङ्ग) गर्ने,

(ख) राष्ट्रिय प्रसारण ग्रिड सञ्चालनको अनुगमन गर्ने,

(ग) राष्ट्रिय प्रसारण ग्रिडबाट प्रवाह वा आपूर्ति भएको विद्युतको अभिलेख राख्ने,

(घ) विद्युतको उत्पादन, माग, खपत, आपूर्ति, आयात-निर्यात र विद्युत व्यापार सम्बन्धी विवरण तथा तथ्याङ्क मासिक रुपमा मन्त्रालय समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने।

(३) उपदफा (१) बमोजिमको राष्ट्रिय भार सम्प्रेषण केन्द्र स्थापना नभएसम्म सो केन्द्रले गर्ने काम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायले गर्नेछ ।

२५. विद्युत मार्गको अधिकार (राईट अफ वे) कायम हुने : (१) विद्युत प्रसारण तथा वितरण लाईन विकास र सञ्चालनको लागि त्यस्तो लाईनको केन्द्रबिन्दुबाट दायाँ बायाँ दुवै तर्फ तोकिए बमोजिमको दूरीमा विद्युत मार्गको अधिकार (राईट अफ वे) कायम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत मार्गको अधिकारभित्र परेको जग्गामा कुनै पनि प्रकारको घर टहरा वा संरचना निर्माण गर्न पाईने छैन ।

तर विद्युत मार्गको अधिकारभित्र पर्ने जग्गाको प्रयोग हुने गरी विद्युत प्रशारण लाईन, राजमार्ग वा विकास निर्माणका अन्य संरचना बनाउनु पर्ने भएमा उपयुक्त प्रविधिको प्रयोग गरी विद्यमान विद्युत प्रशारण लाईनलाई असर नपर्ने गरी निर्माण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम विद्युत प्रसारण लाईनको अधिकार क्षेत्र भित्र परेको जग्गा तथा अन्य संरचनाको लागि अनुमतिपत्र प्राप्त संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ११ किलोभोल्ट वा सोभन्दा कम क्षमताको वितरण लाईनको विद्युत मार्गको अधिकार अन्तर्गत पर्ने जग्गाको लागि क्षतिपूर्ति दिईने छैन।

परिच्छेद-७

विद्युत वितरण तथा ग्राहक सेवा सम्बन्धी व्यवस्था

२६. विद्युत वितरण : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम वितरण अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित क्षेत्रभर बिना भेदभाव सबै ग्राहकलाई विद्युत वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वितरण अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्था वा क्याप्टिभ उत्पादक वा सहउत्पादकसँग विद्युत खरिद गरी वितरण गर्ने,

(ख) विद्युत वितरण प्रणालीको निर्माण, सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन गर्ने,

(ग) ग्राहकको माग बमोजिम सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने,

(घ) सुरक्षित विद्युत आपूर्तिको लागि आवश्यक र उपयुक्त उपायहरु अवलम्बन गर्ने,

(ङ) विद्युत सेवा उपलव्ध गराए वापत ग्राहकबाट आयोगले निर्धारण गरे बमोजिमको महसुल उठाउने,

(च) विद्युतको माग व्यवस्थापन गर्ने,

(छ) विद्युतको माग, खपत, आपूर्ति, ग्राहकको विवरण, ऊर्जा दक्षता सम्बन्धी काम कारबाहीको विवरण तथा तथ्याङ्क वार्षिक रुपमा पेश गर्ने ।

२७. <u>ग्राहक सेवा सम्बन्धमा</u> : (१) वितरण अनुमतिपत्र प्राप्त संस्थाको वितरण प्रणाली प्रयोग गरी ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्थाले पनि उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्थासँग विद्युत खरिद गरी आफ्ना ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत वितरण र ग्राहक अनुमतिपत्र प्राप्त संस्था बीच विद्युत वितरण प्रणालीको प्रयोग र त्यस बापतको शुल्क तथा सो प्रणाली मार्फत ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. <u>विद्युत सेवा बन्द वा कटौती गर्न नहुने</u> : (१) अनुमतिपत्र प्राप्त संस्थाले ग्राहकलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत सेवा बन्द वा कटौती गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्भव भएसम्म पूर्व सूचना दिई विद्युत सेवा बन्द वा कटौती गर्न सकिनेछः-

(क) कुनै ग्राहकले कानून बमोजिम तिर्नु बुझाउनु पर्ने विद्युत महसुल वा शुल्क नतिरे वा नबुझाएमा,

(ख) विद्युत लाईन मर्मत सम्भार गर्न वा अन्य प्राविधिक काम गर्नु परेमा,

(ग) विपद् वा काबू बाहिरको अन्य कुनै असाधारण परिस्थिति उत्पन्न भएमा,

(घ) कुनै ग्राहकले अनधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत सेवा उपभोग गरेमा।

परिच्छेद-८

विद्युत व्यापार सम्बन्धी व्यवस्था

२९. विद्युत व्यापार : (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही व्यापार अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको व्यापार तथा आयात निर्यात गर्न सक्नेछ ।

(२) व्यापार अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत पूर्ण वा आंशिक रुपमा खरिद गर्ने,

(ख) व्यापार अनुमतिपत्र प्राप्त संस्थाहरु बीच आपसमा विद्युत खरिद बिक्री गर्ने,

(ग) आफूले खरिद गरेको विद्युत थोक वा आंशिक रुपमा बिक्री गर्ने,

(घ) विद्युतको अन्तरदेशीय व्यापार गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

३०. अन्तरदेशीय विद्युत व्यापार : (१) व्यापार अनुमतिपत्र प्राप्त संस्थाले अन्तरदेशीय विद्युत व्यापार तथा विद्युत आयात निर्यात गर्न मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ ।

तर उत्पादनको अनुमतिपत्रमा नै विद्युत निर्यात गर्न पाउने शर्त उल्लेख भएकोमा सोको लागि छुट्टै स्वीकृति आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति प्रदान गर्दा अन्तरदेशीय विद्युत व्यापारको आवश्यकता र औचित्यको आधारमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको व्यापार अनुमतिपत्र प्राप्त संस्थाले अन्तर्राष्ट्रिय बजारमा समेत विद्युतको व्यापार गर्न सक्नेछ।

(४) अन्तरदेशीय विद्युत व्यापार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-९

रोयल्टी तथा विद्युत महसुल सम्बन्धी व्यवस्था

३१. रोयल्टी : (१) विद्युत उत्पादन तथा प्रसारण अनुमतिपत्र प्राप्त संस्थाले देहाय बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनु पर्नेछः-

(क) विद्युत गृहबाट व्यापारिक उत्पादन शुरु गरे पश्चात जडित मेगावाट र विद्युत बिक्री (किलोवाट घण्टा) बापत तोकिए बमोजिमको रकम,

(ख) विद्युत प्रसारण शुल्क प्राप्त गरे बापत तोकिए बमोजिमको रकम ।

(२) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले जुन मुद्रामा विद्युत बिक्री गरेको हो सोही मुद्रामा उपदफा (१) बमोजिमको रोयल्टी बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रोयल्टी तोकिएको समयभित्र बुझाउनु पर्नेछ । यसरी तोकिएको समयभित्र रोयल्टी नबुझाएमा प्रचलित कानून बमोजिम असुल गरिनेछ ।

(४) रोयल्टी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. विद्युत महसुल नीति: (१) नेपाल सरकारले विद्युत महसुल निर्धारण सम्बन्धी विषयलाई बस्तुनिष्ठ र व्यावहारिक बनाउन समय समयमा विद्युत महसुल सम्बन्धी आवश्यक नीति तय गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नीति समेतलाई आधार लिई आयोगले विद्युत महसुल निर्धारण गर्नुपर्नेछ ।

३३. असुल गर्नेः विद्युत सेवा उपयोग गरे बापतको महसुल, सेवा शुल्क, अतिरिक्त शुल्क तथा जरिबानाको रकम नबुझाउने ग्राहकबाट अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल गर्न सक्नेछ।

परिच्छेद-१०

विद्युतको गुणस्तर तथा सुरक्षा सम्बन्धी व्यवस्था

३४. गुणस्तर कायम गर्ने: (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा मर्मत सम्भार गर्दा तोकिए बमोजिमको गुणस्तर कायम राख्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा मर्मत सम्भार गर्दा तोकिए बमोजिम सुरक्षात्मक उपायहरु अवलम्बन गरी भरपर्दो र सुरक्षित विद्युत आपूर्ति गर्नुपर्नेछ ।

३५. संरचनाको सुरक्षा : (१) विद्युत आयोजना र सो सम्बन्धी संरचनाको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी र दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत आयोजना र सो सम्बन्धी संरचनाको विशेष सुरक्षाको लागि लिखित अनुरोध भई आएमा नेपाल सरकार तथा प्रदेश सरकारले विशेष सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा विशेष सुरक्षा व्यवस्था गरिएकोमा सोको लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) विद्युत उत्पादन, प्रसारण वा वितरण कार्य र सोसँग सम्बन्धित संरचनाको सुरक्षाको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा तोकिए बमोजिम जिल्ला स्तरीय सुरक्षा संयन्त्र गठन हुनेछ।

(५) उपदफा (४) बमोजिमको सुरक्षा संयन्त्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-११

घर जग्गा प्राप्ति तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३६. घर जग्गा प्राप्तिः (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित कार्य गर्ने प्रयोजनको लागि कसैको घर जग्गा उपयोग वा प्राप्त गर्न नेपाल सरकारको सहयोग आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी नेपाल सरकार समक्ष लिखित अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएमा नेपाल सरकारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा अनुमतिपत्र प्राप्त संस्थाले नै आवश्यक मुआब्जा वा क्षतिपूर्ति ब्यहोर्ने गरी प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा वा राष्ट्रिय वन क्षेत्रको जग्गा अनुमतिपत्रको अवधिसम्म अनुमतिपत्र प्राप्त संस्थालाई प्रचलिन कानून बमोजिम लिजमा वा अन्य कुनै किसिमले उपलब्ध गराउन सकिनेछ ।

(४) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई नेपाल सरकारले घर जग्गा उपलब्ध गराई दिएको कारणबाट सम्बन्धित घरजग्गा धनीलाई पुग्न गएको वास्तविक हानि नोक्सानी वापत

अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो घरजग्गाधनीलाई प्रचलित कानून बमोजिमको मुआब्जा वा क्षतिपूर्ति दिनु पर्नेछ।

३७. पुनर्स्थापना तथा पुनर्वास सम्बन्धमा : (१) नेपाल सरकारले प्रचलित कानूनको अधीनमा रही कुनै व्यक्तिको घर जग्गा प्राप्त गराई दिएको कारणबाट पूर्ण रुपमा विस्थापित हुने र दफा ३६ को उपदफा (४) बमोजिमको मुआब्जा वा क्षतिपूर्तिबाट समेत त्यस्तो ब्यक्तिको आधारभूत वसोवासको व्यवस्था गर्न नपुग हुने अवस्था भएमा आयोजना विकासको लागि उपलब्ध गराइएको जग्गाको उपादेयता र क्षेत्रफल तथा घरको अवस्था समेतको मूल्याङ्कन गरी उपलब्ध गराइएको मुआब्जा वा क्षतिपूर्तिबाट बसोवासको व्यवस्था गर्न नपुग भएको हदसम्म त्यस्तो व्यक्ति तथा निजको परिवारको लागि अनुमतिपत्र प्राप्त संस्थाले पुनर्स्थापना र पुनर्वासको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुनर्स्थापना र पुनर्वास सम्बन्धी कार्यक्रम एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको एकीकृत पुनर्स्थापना र पुनर्वास कार्यक्रम सञ्चालनको लागि आवश्यक प्रशासनिक तथा अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्यको लागि आवश्यक पर्ने रकम अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

३८. अरुको घरमा प्रवेश गर्न सक्ने : (१) अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारी विद्युत आयोजनाको कामको सिलसिलामा सो काम सँग सम्बन्धित कसैको घरमा प्रवेश गर्नु परेमा पूर्व सूचना दिई सम्बन्धित व्यक्तिको सहमति लिई त्यस्तो घरमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैको घरमा प्रवेश गर्न सम्बन्धित व्यक्तिले सहमति नदिएमा निजलाई पूर्व सूचना दिई कम्तीमा दुईजना स्थानीय व्यक्तिहरुको रोहबरमा त्यस्तो घरमा प्रवेश गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरमा विद्युतको अनधिकृत प्रयोग वा चोरी भैरहेको शंका हुने मनासिव कारण भएमा सो कुराको जाँचबुझ गर्न वा अन्य दुर्घटना नियन्त्रण गर्न तत्काल प्रवेश गर्नु परेमा पूर्व सूचना नदिई पनि अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारी अरुको घरमा प्रवेश गर्न सक्नेछ।

३९. वातावरण संरक्षण गर्नुपर्ने : (१) विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा अनुमतिपत्र प्राप्त संस्था, निजको निर्माण व्यावसायी तथा परामर्शदाताले वातावरण संरक्षण गर्न वातावरण सम्बन्धी प्रचलित नेपाल कानूनको पालना गर्नुपर्नेछ ।

(२) जलस्रोतबाट विद्युत उत्पादन गर्न अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा नदी प्रणालीको जल पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्बन गरी सोको लागि आवश्यक पर्ने तोकिए बमोजिमको परिमाणको पानी आयोजनाको बाँधस्थल देखि नदीको तल्लो भागमा प्रवाह हुने आवश्यक व्यवस्था समेत गर्नुपर्नेछ ।

परिच्छेद-१२

अध्ययन, अनुसन्धान तथा निरीक्षण सम्बन्धी व्यवस्था

४०. विद्युत आयोजनाको अध्ययन सम्बन्धी व्यवस्था: (१) यस ऐन बमोजिम आफ्नो अधिकार अन्तर्गतका विद्युत आयोजनाको सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कार्य गर्ने गराउने जिम्मेवारी तथा दायित्व नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुनेछ ।

(२) प्रदेश सरकार तथा स्थानीय तहले उपदफा (१) बमोजिमको कार्य गर्दा मन्त्रालयसँग समन्वय गरी गर्नुपर्नेछ ।

४१. अध्ययन तथा अनुसन्धान: (१) विद्युत क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्दा जल तथा ऊर्जा आयोगले देहायका कार्यहरु सम्पादन गर्नेछ:

(क) विद्युत मागको आधारमा त्यसको प्रक्षेपण गर्ने,

(ख) नदी बेसिन योजना समेतका आधारमा न्यूनतम लागत विद्युत उत्पादन योजना तयार गर्ने र सोको आधारमा चरणबद्ध रुपमा विकास गर्नुपर्ने आयोजनाहरुको सूची तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) राष्ट्रिय प्रसारण ग्रिडसँग समन्वय गरी विद्युत प्रसारण गुरु योजना तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(घ) विद्युतसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्न विश्वविद्यालय तथा समान उद्देश्य भएका निकायसँग सहकार्य गर्ने,

(ङ) विद्युत आयोजनाको निर्माण, सञ्चालन, पुर्ननिर्माण वा विस्तारको क्रममा देखिएका समस्या तथा सामना गर्नु परेको जोखिम र सोको समाधान तथा व्यवस्थापनको लागि अवलम्बन गरिएका उपाय तथा सिकाई अद्यावधिक गर्ने ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्दा जल तथा ऊर्जा आयोगले मन्त्रालय, आयोग, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायहरुसँग आवश्यक परामर्श र छलफल गर्नेछ ।

४२. निर्देशक समिति : (१) विद्युत आयोजनको विकास तथा सञ्चालन सम्बन्धमा नीतिगत विषयमा निर्णय गर्न र सम्वद्ध निकायहरु बीच आवश्यक समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ:-

(क)	मन्त्री वा राज्य मन्त्री, ऊर्जा, जलस्रोत तथा सिंचाइ	- अध्यक्ष
(ख)	सदस्य (ऊर्जा क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग	- सदस्य
(ग)	सचिव, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	- सदस्य
(घ)	सचिव, अर्थ मन्त्रालय	- सदस्य
(ङ)	सचिव, वन तथा वातावरण मन्त्रालय	- सदस्य
(च)	सचिव, गृह मन्त्रालय	- सदस्य
(छ)	सचिव, भूमि व्यवस्था, सहकारी, तथा गरिबी निवारण मन्त्रालय	- सदस्य
(ज)	सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	- सदस्य
(झ)	स्नातकोत्तर उपाधी हासिल गरेका र ऊर्जा क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएका ब्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित तीन जना	- सदस्य
(ञ)	सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	- सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजको काम सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्युत आयोजनाको सूची स्वीकृत गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचीका आधारमा सरकारी तथा निजी क्षेत्रबाट विकास तथा सञ्चालन गरिने आयोजना पहिचान गरी सिफारिस गर्ने,

(ग) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच आवश्यक समन्वय गर्ने,

(घ) विद्युत विकास सम्बन्धी नीतिगत तथा विद्युत आयोजनाको कार्यान्वयनको क्रममा देखिएका समस्याको समाधानका लागि समय समयमा प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक बैठक र छलफल गर्ने,

(ङ) सरोकारवाला निकायहरु बीच आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

४३. अनुगमन तथा निरीक्षण : (१) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले विद्युत आयोजनाको निर्माण तथा सञ्चालन र उक्त कार्य प्राविधिक दृष्टिले सुरक्षित भए वा नभएको र वातावरणीय प्रतिवेदन अनुरुप भए वा नभएको सम्बन्धमा समय समयमा आवश्यक अनुगमन तथा निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणको क्रममा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

(३) विद्युत आयोजनाको अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१३

कसूर र सजाय सम्बन्धी व्यवस्था

४४. कसूर : कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी विद्युत आयोजनाको विकास, सञ्चालन वा व्यापार गरेमा,

(ख) दफा ५९ बमोजिमको आदेश वा निर्देशन पालना नगरेमा,

(ग) विद्युत आयोजना वा त्यसको संरचनामा प्रतिकूल असर पर्ने वा हानि नोक्सानी हुने कुनै काम गरेमा वा त्यस्तो आयोजना वा संरचना भत्काएमा वा बिगारेमा वा त्यस्तो कुनै कार्य गर्न उद्योग गरेमा वा त्यस्तो कुनै कार्य गर्न कसैलाई दुरुत्साहन गरेमा,

(घ) खण्ड (क), (ख) र (ग) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा वा अनुमतिपत्र वा आयोजना सम्झौतामा उल्लिखित व्यवस्था वा शर्त वा स्वीकृत प्रतिवेदनको उल्लंघन गरेमा वा सो विपरीत कुनै कार्य गरेमा।

४५. सजाय : (१) दफा ४४ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी दशलाख रुपैयाँ देखि बीसलाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) दफा ४४ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी पाँचलाख रुपैयाँ देखि दशलाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) दफा ४४ को खण्ड (ग) बमोजिमको कसूर गर्नेबाट वास्तविक रुपमा हुन गएको हानि नोक्सानी वापतको विगो असुल गरी विगो बमोजिमको जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(४) दफा ४४ को खण्ड (घ) को कसूर गर्नेलाई सजाय गर्ने अधिकारीले पाँच लाख रुपैयाँसम्म जरिवाना गरी त्यसबाट कसैलाई हानि नोक्सानी हुन गएको रहेछ भने सो बापतको क्षतिपूर्ति भराउने र कुनै निर्माण कार्य रोक्ने तथा सुधार गर्ने आदेश दिन सक्नेछ ।

(५) उपदफा (१), (२) र (४) बमोजिमको सजाय गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ । त्यस्तो सजाय गर्नु अघि आरोपित व्यक्तिलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

४६. अनुसन्धान गर्ने अधिकारी : दफा ४४ को खण्ड (ग) अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ ।

४७. नेपाल सरकार वादी हुने : दफा ४४ को खण्ड (ग) अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

४८. मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार : (१) दफा ४४ को खण्ड (ग) अन्तर्गतको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) यस ऐन बमोजिम दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

४९. पुनरावेदन : दफा ४५ बमोजिम गरेको सजाय वा आदेशमा चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेश पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५०. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-१४

सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था

५१. स्थानीय बासिन्दालाई प्राथमिकता दिनुपर्ने : (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दालाई निजको सीप र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिनु पर्नेछ ।

(२) विद्युत आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित स्थानीय बासिन्दाले त्यस्तो आयोजना विकासको लागि शेयर लगानी गर्न चाहेमा तोकिए बमोजिम शेयर लगानी गर्न दिनु पर्नेछ ।

५२. विद्युत टावर, पोल तथा प्रणालीको प्रयोग : (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत प्रसारण तथा वितरणको लागि निर्माण वा खडा गरेका विद्युत टावर, पोल तथा भूमिगत प्रणालीहरु अन्य उपयुक्त कार्य वा प्रयोजनको लागि आपसी सम्झौताको आधारमा प्रयोग गर्न सकिनेछ ।

(२) विद्युत वितरणको पोल, ट्रान्सफर्मर तथा भूमिगत प्रणालीको लागि सम्भव भएसम्म सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जग्गाको लागि अनुमतिपत्र प्राप्त संस्थाले कुनै प्रकारको क्षतिपूर्ति वा भाडा तिर्नुपर्ने छैन ।

(४) विद्युतको टावर, पोल, प्रसारण तथा वितरण लाईन र सो सँग सम्बन्धित संरचना उपर अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व र अधिकार रहनेछ ।

(५) अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्वमा रहेका विद्युतको टावर तथा पोलमा उक्त संस्थाको लिखित स्वीकृति बिना कुनै पनि प्रकारले प्रयोग गर्न वा विज्ञापनका सामग्री राख्न पाईने छैन।

५३. जग्गाको प्रयोग : (१) विद्युत आयोजनाको लागि प्राप्त वा खरिद गरिएको जग्गा कुनै पनि तरिकाले बिक्री वा हक हस्तान्तरण गर्न वा अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

(२) सौर्य विद्युत आयोजना निर्माण गर्न कृषिभूमि, निकुञ्ज तथा आरक्षमा अनुमति दिईने छैन।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि आवश्यक पर्ने हदसम्मको जग्गा प्राप्ति गर्न कुनै हदबन्दी लाग्ने छैन।

५४. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना : (१) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुनेछन् ।

(२) उपदफा (१) बमोजिमको आयोजनालाई यस ऐन बमोजिम प्राप्त छुट सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम आयोजनाले प्राप्त गर्ने सुविधा तथा सहुलियत समेत उपलब्ध हुनेछ।

परिच्छेद-१५

विविध

५५. सम्झौता गरी विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्ने : (१) यो ऐन तथा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारले तोकेको संगठित संस्थाले देहाय बमोजिमको अवस्थाको जलविद्युत आयोजना कुनै विदेशी सरकार वा विदेशी सरकारले तोकेको संगठित संस्थासँग एकीकृत विकास तथा वित्तीय सम्झौता गरी सोही सम्झौतामा उल्लिखित शर्तको आधारमा त्यस्तो आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछ: -

(क) बृहत लगानी आवश्यक पर्ने बृहत क्षमताको आयोजना भएमा,

(ख) नेपालमा उपलब्ध प्रविधि, सीप र जनशक्तिबाट मात्र त्यस्तो आयोजना विकास गर्न सम्भव नहुने भएमा,

(ग) नेपालको आर्थिक विकास, रोजगारी सृजना, व्यापार घाटा न्यूनीकरण र भुक्तानी सन्तुलन कायम गर्न उल्लेखनीय योगदान गर्ने भएमा।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "एकीकृत विकास तथा वित्तीय सम्झौता" भन्नाले जलविद्युत आयोजना विकास तथा निर्माणको लागि ईन्जिनियरिङ्ग, खरिद, करार र वित्तीय सम्बन्धी कार्य एउटै संस्था वा निकायले गर्ने गरी भएको सम्झौता सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम एकीकृत विकास तथा वित्तीय सम्झौता गरेकोमा बाहेक प्रतिस्पर्धाबाट सक्षम संस्था वा निकाय छनौट गरी एकीकृत विकास तथा वित्तीय सम्झौता गर्नुपर्नेछ ।

(३) एकीकृत विकास तथा वित्तीय सम्झौता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. राष्ट्रियकरण नगरिने : (१) अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्वमा रहेको विद्युत आयोजना तथा संरचनाहरु अनुमतिपत्रको अवधिभर राष्ट्रियकरण गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यापक सार्वजनिक हित र जलस्रोतको अधिकतम उपयोग हुने गरी बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको विकास र सञ्चालन गरिने भएमा त्यस्तो आयोजनाको विकास निर्माण गर्दा त्यस्तो स्थानमा कुनै विद्युत आयोजना निर्माण र सञ्चालनमा रहेको भएमा त्यस्तो आयोजनाको लागि तोकिए बमोजिमको क्षतिपूर्ति दिई खरिद वा अन्य तरिकाले व्यवस्थापन गर्न सकिनेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "व्यापक सार्वजनिक हित" भन्नाले तत्काल कायम रहेको उपयोगबाट लाभान्वित ग्राहकलाई उल्लेखनीय प्रतिकूल असर हुन नदिई तुलनात्मक रुपमा अधिक संख्यामा ग्राहक लाभान्वित हुने अवस्था सम्झनु पर्छ ।

५७. नेपाल सरकारले व्यवस्थापन नियन्त्रणमा लिन सक्ने : (१) अनुमतिपत्र प्राप्त संस्थालाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र अनुमतिपत्रको शर्त बमोजिम कार्य गर्न पटक पटक आदेश वा निर्देशन दिंदा समेत त्यसको बेवास्ता गरेमा वा विद्युत उत्पादन, प्रसारण वा वितरणको कार्य गर्न पूर्णरुपमा असक्षम र असमर्थ भएमा वा आम उपभोक्ताको हित प्रतिकूल हुने गरी कार्य गरेमा त्यस्तो विद्युत आयोजनाको व्यवस्थापन नेपाल सरकारले केही समयको लागि आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत आयोजनाको व्यवस्थापन नियन्त्रणमा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५८. ऊर्जा दक्ष उपकरणको प्रयोग : अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको कार्य गर्दा ऊर्जा दक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोग गर्नुपर्नेछ ।

५९. आदेश तथा निर्देशन दिन सक्ने : (१) नेपाल सरकारले तोकेको विशेष अवस्थामा कुनै क्षेत्रमा तत्काल विद्युत सेवा पुऱ्याउन आवश्यक ठानेमा त्यस्तो विशेष अवस्थाका लागि अनुमतिपत्र प्राप्त संस्थालाई तत्काल विद्युत सेवा उपलब्ध गराउन आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश बमोजिम विद्युत सेवा उपलब्ध गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश पालना गर्दा अनुमतिपत्र प्राप्त संस्थाले गरेको कार्यको आर्थिक तथा प्राविधिक मूल्याङ्कन गरी नेपाल सरकारले आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

(४) नेपाल सरकार वा तोकिएको निकायले अनुमतिपत्र प्राप्त संस्थालाई विद्युत उत्पादन, प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवा सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

६०. बाधा अड्काउ फुकाउन सक्ने: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

६१. अधिकार प्रत्यायोजन : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सचिवलाई प्राप्त अधिकारमध्ये सजाय गर्ने अधिकार बाहेक अन्य केही अधिकार आवश्यकता अनुसार विद्युत विकास विभागको महानिर्देशक वा नेपाल सरकारको राजपत्राङ्कित अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६२. यसै ऐन बमोजिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतको उत्पादन, प्रसारण, वितरण, विद्युत व्यापार तथा ग्राहक सेवाको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ ।

६३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

६४. निर्देशिका तथा मापदण्ड लागू गर्न सक्ने : (१) मन्त्रालयले देहायका विषयमा आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ:-

(क) प्रतिस्पर्धा सम्बन्धी,

(ख) विद्युत व्यापार (अन्तरदेशीय समेत) नियमित तथा व्यवस्थित गर्ने सम्बन्धी,

(ग) प्रसारण तथा वितरण लाईनको प्रयोग तथा खुला पहुँच सम्बन्धी,

(घ) पुनर्वास तथा पुनर्स्थापना सम्बन्धी ।

(२) मन्त्रालयले विद्युत आयोजना, सुरुङ्ग, बाँध तथा विद्युत गृह लगायतका संरचनाको डिजाईन, नक्सा तथा सुरक्षाका उपाय सम्बन्धमा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्देशिका तथा मापदण्ड लागू गर्नु अघि सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

६५. <u>खारेजी र बचाउ</u> : (१) विद्युत ऐन, २०४९ र विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ को खण्ड (च) र दफा १४ को खण्ड (ञ) खारेज गरिएको छ ।

(२) विद्युत ऐन, २०४९ बमोजिम भए गरेको काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।